प्रतिदिन १८ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ । । अङ्क : ०२३ ॥ २०८२ फागुन १० गते आइतबार (22nd Feb 2026 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-

# रास्वपा चुनाव भाड्ने मनस्थितिमा– ओली



झापा । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय स्वतन्त्र पार्टी चुनाव भाड्ने मनस्थितिमा पुगेको टिप्पणी गरेका छन् । झापाको चन्द्रगढी विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै एमाले अध्यक्ष ओलीले निर्वाचन हारिन्छ भन्ने निष्कर्षसहित राष्ट्रिय स्वतन्त्र पार्टीले अरु पार्टीका झण्डा जलाउन थालेको आरोप लगाए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका पछिल्ला गतिविधि अशोभनीय र तनाव बढाउने खालका भएको बताउँदै पूर्व प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष ओलीले चुनाव हुन नदिने परिस्थिति सिर्जना गर्न खोजिएको बताए ।

शान्तिपूर्ण निष्पक्ष र भयरहित निर्वाचन हुन्छ भन्नेमा अझै पनि सरकारले आश्वस्त पार्न नसकेको बताउँदै एमाले अध्यक्ष ओलीले चुनावबाट कुनै पनि हालतमा पछाडि सर्न नहुने उल्लेख गरे । निर्वाचन बलजफ्ती गर्ने विषय नभएको बताउँदै अध्यक्ष ओलीले नियम कानुन र परिधिभित्र सबै राजनीतिक दल बस्नुपर्ने बताए । ओलीले संसद् विघटनविरुद्धको रिटमा सर्वोच्च अदालतले निर्वाचनपछि साधारण तारेख राख्नु व्यावहारिक रूपमा अर्थहीन भएको बताए ।

सर्वोच्चले यत्रो ठूलो संवैधानिक प्रश्नमा समयमै फैसला गर्नुपर्ने भएपनि नगरेको भन्दै असन्तुष्टि जनाए।

उनले भने, 'अब सर्वोच्च अदालत यत्रो संवैधानिक प्रश्नमा अल्झिएको छ, यो जटिलतामा फसेको बेला सम्मानित सर्वोच्च अदालतबाट फैसला समयमा आउनु पर्थ्यो। निर्वाचनपछि साधारण तारेख यस मुद्दा सम्बन्धी साधारण तारेख व्यावहारिक रूपमा अर्थहीन छ, प्रयोजनहीन छ। सैद्धान्तिक रूपमा भोलिका लागि सिद्धान्त प्रतिपादन होला, एउटा नजिर त बस्ला, जे बस्ला। तर न्याय अर्थपूर्ण हुनुपर्दछ।'

उनले निर्वाचनपछि सर्वोच्चको फैसला म्याद गुज्रिएको औषधिजस्तो हुने टिप्पणी गरे। भदौ २३-२४ गते आगजनी, लुटपाट, तोडफोड, भयानक हिंसा, सार्वजनिक सम्पत्तिदेखि लिएर राज्यका प्रमुख अङ्गहरूका कार्यालयहरू, तिनका संरचनाहरू ध्वस्त गर्नेदेखि लिएर निजी संघसंस्था, औद्योगिक प्रतिष्ठान, व्यापारिक फर्महरूदेखि राजनीतिक दलका कार्यालय र लोकतान्त्रिक, देशभक्त राजनीतिक दलका नेता कार्यकर्ताका सार्वजनिक वा आफ्ना निजी सम्पत्तिहरू जलाउने काम भएको बताए।

उनले थपे, 'यो अत्यन्तै आपराधिक मनोवृत्तिको, नेपाली समाजमा हुनै नहुने खालको काम भयो। दुःखलाग्दो कुरा, त्यति मानिसहरूको ज्यान गयो, अत्यन्तै दुःखद कुरा हो। यो एउटा दुःखद स्थिति भयो। अब त्यस स्थितिबाट देशको सार्वभौमसत्तालाई, स्वाधीनतालाई, स्वतन्त्रतालाई जोगाएर देशलाई राजनीतिक रूपले एउटा स्वतन्त्र राष्ट्रको रूपमा र आर्थिक हिसाबले आत्मनिर्भर राष्ट्रको रूपमा अगाडि जानै पर्छ, उभिनै पर्छ।'

त्यस्तै भद्रपुरमा आयोजित चुनावी सभालाई संबोधन गर्दै ओलीले संविधान संशोधनका लागि सबै दल गम्भीर हुनुपर्ने बताए। उनले सबैले देशको अस्तित्व रक्षा, स्वाभिमानको रक्षा गर्न गम्भीर भएर लाग्नुपर्ने बताएका हुन्। अहिलेको संविधान एउटा सम्झौताको दस्तावेज भएकाले संशोधन गर्न सकिने उनको भनाई छ।

'हामी स्थिरताको पक्षमा जानुपर्छ। अहिलेको संविधान एउटा सम्झौताको दस्तावेज हो। भर्खर भर्खर राजगद्दीबाट हटाएको राजा, राजा पक्षधर र भर्खर माओवादी भर्खर जनयुद्ध भनेर हिंसा मच्चाएर आएको माओवादी, संविधान बन्न नदिने विरोधीहरु पनि थिए, त्यहि भएर भर्खर राजगद्दीबाट हटाएको राजाका समर्थक र माओवादी, मधेश आन्दोलन लगायतबाट आएका दलका बीचबाट सहमति गरेर बनाउँदा अहिलेको संविधान आएको हो। सबै हामीले भनेको लागु हुने अवस्था थिए त्यसलाई आगामी दिनमा सुखी नेपाल, समृद्धि नेपालको राष्ट्रिय आकांक्षाको गन्तव्यमा पुग्ने गरी संविधान संशोधन हुन्छ।'

उनले संविधानलाई साधारण ढंगले मलमपट्टी गरेर मात्र नपुग्ने बताए। ओलीले भने,'अब फराकिलो मन राखेर, ठूलो संकल्प चाहिएको छ, यो संविधानलाई साधारण ढंगले मलमपट्टी गरेर होइन, म नेपालका राजनीतिक दललाई आग्रह गर्न चाहन्छु- एउटा गम्भीर बहस गरौं। एउटा रिभूलेशन आवश्यक छ तर रिभुलेशन भनेको आगो लगाउने भनेको होइन।'

उनले व्यवस्था र अवस्था दुवै परिवर्तन भएको तर पर्याप्त नभएको, अझै बाँकी रहेको उल्लेख गरे। नेपालमा परिवर्तन आवश्यकता रहेको बताए। अहिले पनि सुखी नेपाल, समृद्धि नेपालको चर्चा गर्न एकथरीलाई मान्छेलाई भन्न नसक्दा अझै समस्या रहेको उनको भनाई छ।

## झापा ५ मा एमालेको घरदैलो कार्यक्रममा अवरोध

झापा, फागुन ९ । झापा ५ मा उम्मेदवार बनेका अध्यक्ष केपी शर्मा ओलीको चुनाव प्रचार प्रसारमा हिडेका एमाले कार्यकर्ताहरुको घरदैलो कार्यक्रममा अवरोध भएको छ । शुक्रवार दिउँसो अन्दाजी १२;३० बजे कमल गाउँपालिका ५ सिम्लेमा नेकपा एमाले वडा न.५ का वडा अध्यक्ष खगेन्द्र तिवारीको नेतृत्वमा अन्दाजी २५-३० जनाको उपस्थितिमा चुनावी प्रचार प्रसारका लागि घरदैलो कार्यक्रम भइरहँदा अवरोध भएको हो । इलाम चुलाचुली गाउँपालिका ४ बस्ने ५० वर्षीय अर्जुन लावतीले मादक पदार्थ सेवन गरी दुर्व्यवहार गरेका थिए ।

इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी नायव निरीक्षक यज्ञबहादुर श्रेष्ठको कमाण्डमा टोली खटिएर लावतीलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

# धनकुटामा हाइस दुर्घटनाः सातजना घाइते



धनकुटा, फागुन ९ । कोशी राजमार्गमा पर्ने धनकुटा नगरपालिका-१ स्थित निगालेमा हाइस दुर्घटना हुँदा सातजना घाइते भएका छन् । शनिबार साँझ करिब ५ बजे काठमाडौँबाट धनकुटाको हिलेतर्फ जाँदै गरेको बा २ ख १५६७ नम्बरको हाइस अनियन्त्रित भई सडकबाट करिब १० फिट तल खसेर दुर्घटना भएको हो ।

घाइते हुनेमा धनकुटा नगरपालिका-१ बस्ने ३६ वर्षीय रामचन्द्र तामाङ, १८ वर्षीय अभिषेक मगर, ३५ वर्षीय उमेस विक, १३ वर्षीया निश्मा विक र ३५ वर्षीया कल्पना विक रहेका छन् । त्यस्तै पाख्रिबास नगरपालिका-६ बस्ने ३० वर्षीय डिकबहादुर मगर र सोही स्थानका ४० वर्षीय झमकबहादुर आले पनि घाइते भएको जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रवक्ता ज्ञानकुमार महतोले जानकारी दिए।

घाइतेमध्ये टाउकोमा चोट लागेका रामचन्द्र तामाङलाई जिल्ला अस्पताल धनकुटामा सामान्य उपचारपश्चात् थप उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको प्रहरीले जनाएको छ । अन्य ६ जना घाइतेको जिल्ला अस्पताल धनकुटामै उपचार भइरहेको छ ।

हुम्ला स्थायी घर भई हाल काठमाडौँ महानगरपालिका-९ एकान्तकुना बस्ने ३९ वर्षीय चालक विजय कार्कीलाई प्रहरी चौकी हिलेले नियन्त्रणमा लिएको छ ।

# चुनावी द्वन्द्वमा फसाउने गम्भीर षड्यन्त्रः एमाले

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (एमाले) राष्ट्रिय स्वतन्त्र पार्टीले चुनाव भाँड्न खोजेकाले सरकारलाई सचेत बन्न चेतावनी दिएको छ। शनिवार च्यासलमा आयोजित पत्रकार सम्मेलनमा एमालेले प्रतिनिधि सभा निर्वाचनको समय नजिकिदै गर्दा मुलुक थप भय र त्रासमय बन्दै गएपनि सरकारले चुनावलाई भयरहित, स्वच्छ र निष्पक्ष वातावरणमा बनाउन नसकेको टिप्पणी गरेको हो।

'फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनको समय नजिकिदै गर्दा मुलुक थप भय र त्रासमय बन्दै गएको छ। चुनावलाई भयरहित, स्वच्छ र निशपक्ष वातावरणमा निर्वाचन समपन्न गराउने विषयमा सरकारले शान्ति सुरक्षाको वातावरणलाई भरपर्दो र विश्वासयोग्य बनाउन सकिरहेको छैन।'

एमालेले विज्ञप्तिमार्फत भनेको छ,'मुलुकभर कुनै एक अमुक दलले नेकपा (एमाले) को आस्थाको केन्द्र 'सूर्य' ध्वजावाहक झण्डा जलाउने, मूल नेतृत्वप्रति घृणा फैल्याउने कार्यलाई तिब्र पारेको छ। मुलुकलाई चुनावी द्वन्द्वमा फसाउने गम्भीर षड्यन्त्रका रूपमा भएका अवाञ्छित गतिविधिप्रति एमालेको गम्भीर ध्यानाकर्षण भएको छ। यसतर्फ सरकार र सम्बन्धित निकायलाई जवाफदेही र उत्तरदायी बन्दै शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन एमाले जोड्दार माग गर्दछ।'

एमालेले 'देश पहिला'का लागि जस्तोसुकै बलिदान दिन तयार रहेको प्रचार विभाग प्रमुख मीनबहादुर शाहीले बताए। 'हामीले निर्वाचन घोषणा भए लगत्तै हजारौं कैदीबन्दी र सुरक्षा निकायका लुटिएका हातहतियार बाहिरै रहेकाले अवाञ्छित र अपराधिक क्रियाकलाप बढ्न सक्ने विषयप्रति पटक-पटक सरकारको ध्यानाकर्षण गराएको विदितै छ। पछिल्लो पटक अमुक दल जिन्दावादको नारासहित नेकपा ( (एमाले) को मूल नेतृत्वप्रति घृणा, सूर्य चिन्ह अंकित झण्डा जलाउने खालका गतिबिधिबाट हामीले गरेको पूर्वानुमान पुष्टि हुँदै गएको छ।' एमालेले भनेको छ,'देश पहिलाका लागि नेकपा (एमाले) जस्तोसुकै बलिदान दिन तयार छ। अनेकन कठिन अवस्थामा पनि धैर्य, संयमताका साथ आफ्ना एजेन्डा लिएर एमाले जनताको घरदैलोमा पुगेको छ।'

फागुन २१ को प्रतिनिधि सभा चुनावलाई नेकपा (एमाले) ले 'देश बनाउने र जलाउने' बीचको जनमत सङ्ग्रहको रूपमा लिएको विज्ञप्तिमा उल्लेख छ। 'कथित नयाँको नाममा 'भोटफरचेन्ज' को भाष्य बिक्री हुन छोडेपछि अहिले देशैभर अभद्र व्यवहार, सर्वेक्षणको नाममा जनमतलाई प्रभावित गर्ने गरी फेक सर्वेक्षण परिणाम सार्वजनिक गर्ने कार्यप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ।' विज्ञप्तिमा भनिएको छ,'चुनावी परिणाम आफ्नो पक्षमा आउने सम्भावना नदेखेपछि निर्वाचनलाई प्रभावित पार्ने षड्यन्त्रका स्वरूप देशका विभिन्न भागमा हिंसा भड्काउने कामको थालनी भएको छ। समुदाय समुदायबीच अन्तर्विरोध सृजना गर्ने प्रयास गरिएको छ।

जसको उदाहरण अहिले रौतहटको गौरमा अनिश्चितकालीन कर्फ्यूको आदेश जारी गरिएको छ। यो घटना स्वच्छ, भयरहित र निर्भिक ढंगले मतदान गर्ने अधिकारको सुरक्षित गर्ने कार्यका लागि आम मतदाताका लागि प्रिय हुन सक्दैन।'

एमालेले देशमा शान्ति सुरक्षा, अमनचयन कायम हुन नसकेका कारण चुनाव भयरहित हुनेमा एमाले अझै विश्वस्त हुन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ। निर्वाचन आचारसंहिताको गम्भीर उल्लघंन हुँदै बताउँदै एमालेले अमुक पार्टी र त्यसका नेतृत्वको तस्बिर, चिन्ह अंकित टिसर्टहरु होली पर्वको मौका छोपी वितरण गरिनु त्यसका उदाहरणहरु भएको जनाएको छ। निर्वाचन उल्लंघन कार्यप्रति निर्वाचन आयोगको उदासिनता र शैलीप्रति एमालेले गम्भीर आशंका व्यक्त गरेको छ।

### प्रधानमन्त्री कार्कीको निर्देशन

## निर्वाचनमा झडप र बहिष्कारकर्ताप्रति सतर्क रहनू



काठमाडौँ । प्रधानमन्त्री सुशीला कार्कीले आगामी निर्वाचनको सन्दर्भमा सुरक्षा तथा शान्ति व्यवस्थापनका विषयमा चिन्ता व्यक्त गरेकी छिन्।

उनले एक हप्ताभित्र फागु पूर्णिमा (होली) पर्व आउँदै गरेको र हिमाली क्षेत्र खासगरी रुकुमपूर्वमा सम्भावित हिमपात जस्ता प्राकृतिक समस्याहरू देखा पर्नसक्ने भन्दै चिन्ता व्यक्त गरिन्।

उनले विभिन्न जिल्लाहरूमा स्थानीय समस्या रहेको उल्लेख गर्दै तराई क्षेत्रमा केही राजनीतिक दलहरू बढी सक्रिय रहेको र तिनीहरूबीचको प्रतिष्पर्धा झडपको रूपमा बदलिन सक्ने आशंका व्यक्त गरिन्।

पार्टीहरूबीच झण्डा जलाउने जस्ता घटना पनि रिपोर्ट भएका र जसले निर्वाचनको समयमा तनाव बढाउनसक्ने बताइन्। यस्ता सम्भावित घटनाबाट बच्न पूर्वतयारी आवश्यक रहेको प्रधानमन्त्री कार्कीको भनाइ छ।

निर्वाचन बहिष्कार गर्ने समूहहरूबारे बोल्दै उनले यस्ता बहिष्कारकर्ताहरूको प्रभावकारिता कमजोर देखिएको बताइन्।

उनका अनुसार कतिपयले निर्वाचन बहिष्कारको नाममा पार्टीको अस्तित्व देखाउने र एक्सटर्सन (चन्दा/पैसा असुली) गर्ने प्रवृत्ति अपनाएका छन्। उनले कसैले व्यापार वा उद्योग गरेको देखाएर पार्टी चलाउने गरेको पनि उल्लेख गरिन्। यद्यपि, यस्ता गतिविधिप्रति तर्क रहनुपर्नेमा जोड दिइन्।

# धार्मिक सहिष्णुता कायम राख्न सरकारको अपिल



काठमाडौं । सरकारले धार्मिक सहिष्णुता र सम्मान कायम राख्न अपिल गरेको छ। गृहमन्त्रालयले शनिवार एक विज्ञप्ति जारी गर्दै सबै धर्म, समुदायबीच धार्मिक सहिष्णुता र सम्मान कायम गर्न अपिल गरेको हो।

मन्त्रालयकी सहप्रवक्ता रमा आचार्य (सुवेदी) ले विज्ञप्ति जारी गर्दै विभिन्न धर्म, जातजाति, वर्ग, क्षेत्र वा सम्प्रदायबीचको सम्बन्धमा खलल पुर्‍याउने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने, घृणा वा द्वेष उत्पन्न गर्ने कार्य कानूनद्वारा दण्डनीय रहेको स्मरण गराएकी छन्। विज्ञप्तिमा राजनीतिक दलका झण्डा जलाउने लगायत कानूनले निषेध गरेका क्रियाकलाप गरी सामाजिक सद्भाव र मर्यादामा आँच पुर्‍याउने जस्ता घटनाप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ ।

'रौतहट, दाङलगायत तराई एवम् मधेशको केही जिल्लाहरूमा धार्मिक सहिष्णुता तथा सद्भावमा गम्भीर असर पुऱ्याउने, धार्मिक एवम् सामाजिक सद्भाव खल्बलाउने, सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा आगजनी तथा तोडफोड गर्ने, राजनीतिक दलका झण्डा जलाउने लगायत कानूनले निषेध गरेका क्रियाकलाप गरी सामाजिक सद्भाव र मर्यादामा आँच पुर्‍याउने जस्ता घटनाप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।'

उनले भनिन् 'विभिन्न धर्म, जातजाति, वर्ग, क्षेत्र वा सम्प्रदायबीचको सम्बन्धमा खलल पुर्‍याउने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने, घृणा वा द्वेष उत्पन्न गर्ने कार्य कानूनद्वारा दण्डनीय रहेको छ । मन्त्रालयले यस्ता गतिविधिलाई सूक्ष्मढंगले निगरानी गरी कानूनद्वारा बर्जित र दण्डनीय कार्य गर्ने जो कोही व्यक्तिलाई कानूनी दायरामा ल्याई कारवाही समेत भइरहेको छ । तसर्थ त्यस्तो कार्य नगर्न नगराउनु हुनका साथै सबै धर्म, समुदायबीच धार्मिक सहिष्णुता र सम्मान कायम गर्न सम्बन्धित सबैमा सादर अनुरोध गरिन् ।'

रौतहटमा दुई समुदायको झडप भएपछि कर्फ्यू जारी गरिएको छ। तराई क्षेत्रमा हुनसक्ने गतिविधि प्रतिवेदन पेश गर्ने निर्देशन दिइएको गृह मन्त्रालयका सहसचिव एवम् प्रवक्ता आनन्द काफ्लेले बताए। उनले भने,'निर्वाचनमा तराई क्षेत्रमा हुनसक्ने सम्भावित गतिविधि र सुरक्षा संवेदनशीलतालाई विश्लेषण गरेर प्रतिवेदन तयार गरेर प्रतिवेदन पेश गर्नका लागि प्रहरी अतिरिक्त महानिरीक्षक उमा प्रसाद चतुर्वेदीलाई खटाउने निर्णय भएको छ।'

## जनमत पार्टीका जमशेद र वडा अध्यक्ष साह पक्राउ

रौतहट । रौतहटको गौरमा दुई समुदायबीच उत्पन्न तनावमा संलग्न रहेको आरोपमा दुई जना पक्राउ परेका छन्। प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले गौरमा शान्ति खलल पुऱ्याउने कार्यमा संलग्न भएको आरोपमा जनमत पार्टीका रौतहट जिल्ला संयोजक शेख जमशेद र वडा अध्यक्ष अवध विहारीप्रसाद साह तेली पक्राउ परेको जानकारी दिए।

उनीहरूलाई नियन्त्रणमा लिएर प्रहरीले सोधपुछ गरिरहेको छ। पक्राउ परेका दुबै जना शुक्रबार जिल्ला प्रशासन कार्यालयमा ६ बुँदे सहमति गर्ने व्यक्ति हुन्। गौर नगरपालिका वडा नं. ६ सवगढाबाट दुई समुदायबीच विवाद सुरू भएको थियो। पक्राउ परेका शेख जमशेद पूर्व वडाअध्यक्ष हुन् भने अवध बिहारी वडा अध्यक्ष हुन्।

# पाँचवटा मतदान केन्द्रमा महिला कर्मचारी मात्रै

झापा, फागुन ९ । झापाको पाँचवटा मतदान केन्द्रमा निर्वाचनका लागि महिला कर्मचारी मात्रै खटिने भएका छन् ।



प्रत्येक निर्वाचन क्षेत्रमा एक-एक वटा मतदान केन्द्रमा महिला कर्मचारी मात्र राख्ने गरी तयारी गरिएको जिल्ला निर्वाचन अधिकारी तुलसी नेपालले बताए । ' हामी प्रत्येक निर्वाचन क्षेत्रमा एक-एकवटा मतदान केन्द्र महिला कर्मचारी मात्रै भएको व्यवस्था गर्न लागेका छौं'उनले भने । उनका अनुसार पाँचवटा मतदान केन्द्रमा मतदान अधिकृतदेखि सहयोगी कर्मचारीसम्म सबै महिला खटाइने छ ।

झापामा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ७ हजार ३८० जना जनशक्ति परिचालन गरिने भएको छ ।

# मनकामना काली मन्दिर समितिको अध्यक्षमा सिटौला



बिर्तामोड, फागुन ९ । मनकामना काली मन्दिर तथा सत्संग भवन समिति बिर्तामोड-१०, बिराटपोखरको अध्यक्षमा हरिप्रसाद सिटौला चयन भएका छन्। शनिवार सम्पन्न छैठौं वार्षिक उत्सव तथा दोस्रो अधिवेशनबाट आगामी २ वर्षे कार्यकालका लागि सिटौलाको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको हो । समितिको उपाध्यक्षमा प्रकाश सिटौला, सचिवमा रामप्रसाद खनाल, सहसचिवमा सुरेश थापा आले मगर, कोषाध्यक्षमा सुनिता निरौला चयन भएका छन्। त्यस्तै सदस्यहरूमा टेकेन्द्र थापा, रघुनाथ पाठक, यामनाथ सेढाई, अर्जुन तामाङ, गोमा संग्रौला र सन्तोष उप्रेती चयन भएका छन् ।

बन्दसत्रअघि प्रमुख अतिथि बिर्तामोड-१० का वडा अध्यक्ष दुर्योधन गुरुङले पानसमा दीप प्रज्वलन तथा ब्यानर वाचन गरी कार्यक्रम उद्घाटन गरेका थिए। कार्यक्रममा बिराटपोखर टोल विकास संस्था बिर्तामोड-१० का अध्यक्ष कृष्णाकुमारी प्रसाई,टेकेन्द्र थापालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। त्यसैगरी कोषाध्यक्ष सुनिता निरौलाले आयव्यय सार्वजनिक गरेकी थिइन् भने सचिव सुरेश थापा आले मगरले स्वागत मन्तव्य राखेका थिए।
प्रमुख अतिथि गुरुङले बिर्तामोड-१० का २७ वटा टोल विकास संस्थामध्ये बिराटपोखरस्थित मनकामना मन्दिर रहेको यो टोल धार्मिक दृष्टिकोणले वडाकै उत्कृष्ट टोल भएको धारणा व्यक्त गरे।
कार्यक्रममा प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशी, मन्दिर निर्माण जग्गा दान दिने दाता डिल्लीराम पाठकलगायत बुद्धिजीवी तथा समाजसेवीहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रम मनकामना काली मन्दिर प्राङ्गण, बिर्तामोड-१० बिराटपोखरमा सम्पन्न भएको हो।

# इप्रका दमकबाट फरार थुनुवा पक्राउ

झापा, फागुन ९ । जेनजी आन्दोलनका बेला इलाका प्रहरी कार्यालय दमकको हिरासतबाट भागेका एक थुनुवा पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा दमक ७ बस्ने बर्ष२४का पुष्कर मगर रहेका छन् । इलाका प्रहरी कार्यालय दमकबाट गएको टोलीले खोजतलास गर्ने क्रममा शुक्रवार दिउँसो १ बजे मगरलाई उनकै घरबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धानको लागि इप्रका दमकमा ल्याइएको छ ।लागूऔषध कसुर मुद्धाका आरोपी मगर भदौ २४ गते हिरासतबाट भागेका थिए ।

# सहाराले १२ वर्षपछि चुम्यो आहा गोल्डकपको उपाधि

कास्की । मोफसलको पुरानो र प्रतिष्ठित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित आहा रारा पोखरा गोल्डकपको २५औँ संस्करणको उपाधि आयोजक सहारा क्लब पोखराले जितेको छ।
पोखरा रङ्गशालामा शनिवार सम्पन्न फाइनल खेलमा जावलाखेल युथ क्लबलाई २-० गोलले हराउँदै सहारालाई च्याम्पियन बनाउने क्रममा खेलको २५औँ मिनेटमा फरवार्ड मुकुन्दकुमार निउरेले गोल गरे। सुशील लामाको कर्नर बललाई निउरेले उत्कृष्ट हेड गर्दै गोल गरे।
पहिलो हाफमा एक गोलको अग्रता बनाएको घरेलु टोलीले दोस्रो हाफमा पुनः एक गोल थप्न सफल भयो। खेलको ७३ औं मिनेटमा सहाराका बादारु घोषित, सर्वाधिक गोलकर्ता प्लानिङ ब्वाईजका पापा आईबोउ केबे, उदीयमान खेलाडी सहाराका मुकुन्दकुमार निउरे, स्ट्राईकर जावलाखेल युथ क्लबका धर्वेन्द कुँवर, गोलकिपर सहाराका टीकेन्द्र थापा, मिडफिल्डर जावलाखेलका बाउबकर सिसिको, प्रशिक्षक सहाराका सुनिल रानामागर र 'फेयर प्ले अवार्ड' आभा फुटबल क्लब उज्वेकिस्तानले पाए।

उनीहरूले जनही नगद २५ हजार पुरस्कार पाएका छन्। सहारा क्लब पोखराको आयोजनामा गत माघ २७ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा विदेशी तीन र नेपालका नौ गरी १२ टोलीले प्रतिस्पर्धा गरेका थिए।



सहाराले १२ वर्षपछि उपाधि चुम्यो। च्याम्पियन बनेको सहाराले ट्रफीसहित १४ लाख एक हजार पुरस्कार पाउँदा उपविजेता जावलाखेलले सात लाख एक हजार र ट्रफीमा चित्त बुझायो। सहाराले विसं २०७० मा पहिलोपटक उपाधि जितेको थियो।
सहाराका विदेशी खेलाडी टाय डिनियल बादारुले हेडमार्फत गोल गरेपछि टोलीको जित पक्का गरे।
प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीको उपाधि सहाराका मुकुन्दकुमार निउरे घोषित हुँदै एक थान इलेक्ट्रिक स्कुटर पाए। यसैगरी उत्कृष्ट डिफेन्डर
विजेता खेलाडी गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापा, मुख्य प्रायोजक हिमश्री फ्ड्सका कार्यकारी निर्देशक प्रकाश केसीलगायतले पुरस्कार वितरण गरेका थिए ।

# वैदेशिक व्यापारका सात महिनामा नौ खर्ब ५० अर्ब घाटा

काठमाडौं । चालु आर्थिक वर्षको प्रथम सात महिनामा १२ खर्ब ९१ अर्ब ६३ करोड २० लाख बराबरको वैदेशिक व्यापार भएको छ।
भन्सार विभागका अनुसार समीक्षा अवधिमा ११ खर्ब २३ अर्ब ४८ करोड ६२ लाखको आयात र एक खर्ब ६८ अर्ब १४ करोड ५८ लाख बराबरको निर्यात भएको छ। यो अवधिमा मुलुकले नौ खर्ब ५५ अर्ब ३४ करोड तीन लाख घाटा बेहोरेको छ।
भारतसँग बितेका सात महिनामा छ खर्ब २९ अर्ब २९ करोड ५९ लाखको आयात र एक खर्ब ३७ अर्ब ५१ करोड ७४ लाखको निर्यात हुँदा मुलुकले चार खर्ब ९१ अर्ब ७७ करोड ५१ लाख बराबरको व्यापार घाटा बेहोरेको छ।
चीनसँग दुई खर्ब ३५ अर्ब ३८ करोड २३ लाखको आयात र ९० करोड एक लाख बराबरको निर्यात हुँदा दुई खर्ब ३४ अर्ब ४८ करोड २२ लाख बराबरको घाटा भएको छ।
विभागले सार्वजनिक गरेको विवरणअनुसार अर्जेन्टिनासँग ६६ अर्ब ११ करोड ६६ लाख, संयुक्त अरब इमिरेट्ससँग ३९ अर्ब ७७ करोड ९८ लाख, इन्डोनेसियासँग रु १२ अर्ब ६४ करोड ४५ लाख बराबरको व्यापार घाटा देखिन्छ।
व्यापार नाफा बढी रहेका मुलुकमा भने रोमानियासँग यो अवधिमा पाँच करोड ५२ लाख, नर्वेसँग तीन करोड ३३ लाख र आइसल्याण्डसँग दुई करोड ५७ लाख बराबरको व्यापार नाफा देखिन्छ।

पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ। यो अवधिमा ६९ अर्ब ९१ करोड २२ लाखको डिजेल, ३८ अर्ब १३ करोड ८६ लाखको पेट्रोल र ३१ अर्ब ८५ करोड नौ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ।
यसैगरी, ३१ अर्ब नौ करोड १२ लाख बराबरको फलाम तथा फलामजन्य वस्तु, २१ अर्ब ३२ करोड ६१ लाख बराबरको स्मार्टफोन, ५९ अर्ब १३ करोड ८२ लाख बराबरको कच्चा सोयाबिन तेल, २१ अर्ब २० करोड बराबरको सुन आयात भएको छ।
बढी निर्यात भएका वस्तुमा सोयाबिन तेल ६६ अर्ब ७८ करोड ८७ लाख बराबरको निर्यात भएको छ। अलैंची आठ अर्ब ६१ करोड २० लाख, सूर्यमुखी तेल पाँच अर्ब ७८ करोड, कार्पेट पाँच ७१ करोड ८८ लाख ६९ हजार बराबरको निर्यात भएको विभागको तथ्याङ्क छ।

# कंचन अंग्रेजी विद्यालयमा उत्कृष्ट शिक्षकलाई सम्मान

झापा, फागुन ९ । झापाको बिर्तामोड ७ मा रहेको कंचन अंग्रेजी विद्यालयको खेलकुद सप्ताह समापनको अवसरमा दुईजना शिक्षकलाई सम्मान गरिएको छ ।
उत्कृष्ट कार्य गरेको भन्दै प्राइमरी तहकी नेहा राजवंशी र प्रि-प्राइमरी तहकी भद्रशिला राईलाई नगदसहित सम्मान गरिएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इन्दिरा अधिकारीको ७ कै गहना भएको बताए । कार्यक्रममा सप्ताहव्यापी खेलकुद प्रतियोगितामा विजयी हुने ४८३ जनालाई मेडल तथा प्रमाणपत्र वितरण गरिएको विद्यालयका प्रधानाध्यापक चम्लागाईंले जानकारी दिए । खेलकुद प्रतियोगिताका विजेता तथा उपविजेता विद्यार्थीहरुलाई बालबालिका तथा शिक्षा सञ्चार मञ्चका संयोजक सरोज पौडेल , प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशीलगायतले मेडल तथा



अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि बिर्तामोड नगरपालिका वडा नं.७ का वडाध्यक्ष अविरल कृष्ण खरेल, विद्यालयका प्रधानाध्यापक दीपक चम्लागाईं, संचालकहरु बद्री बास्कोटा ,डिल्लीराम चम्लागाईले सम्मान गरेका थिए ।
उक्त अवसरमा सम्बोधन गर्दै प्रमुख अतिथि वडाध्यक्ष खरेलले ग्रामीण क्षेत्रमा रहेर शहरका विद्यालयहरुसंग प्रतिष्पर्धा गरिरहेको कंचन अंग्रेजी विद्यालय बिर्तामोड प्रमाणपत्र वितरण गरेका थिए ।
स्तरीय पढाइसंगै अतिरिक्त क्रियाकलापमा समेत अग्रस्थानमा रहेको कंचनमा ६०० भन्दा बढी विद्यार्थी अध्ययनरत रहेका छन् । संचालक बद्री बास्कोटाले स्वागत गरेको कार्यक्रमको सञ्चालन अर्का संचालक डिल्लीराम चम्लागाईं र शिक्षक सागर कोइरालाले गरेका थिए । कार्यक्रममा विद्यालयका विद्यार्थीहरुले नृत्य प्रस्तुत गरेका थिए ।

काग्रेसलाई ठूलो धक्का

# गौरीगंजका निवर्तमान उपाध्यक्ष थापा रास्वपामा प्रवेश

झापा, फागुन ९ । फागुन २१ को निर्वाचनमा नेपाली काग्रेसलाई ठूलो धक्का लाग्ने भएको छ । एकपछि अर्को गर्दै काग्रेस र एमालेका नेता कार्यकर्ताहरुले पार्टी परित्याग गर्नेक्रममा गौरीगंज गाउँपालिकाका निवर्तमान गाउँपालिका उपाध्यक्ष दिपेन्द्र थापाले काग्रेस परित्याग गरी रास्वपामा प्रवेश गरेका छन् ।

उनले सामाजिक संजालमार्फत आफू रास्वपामा गएको बताएका छन् । उनले लेखेका छन् , 'हालसम्म म नेपाली काग्रेस पार्टीको विभिन्न तह र तप्कामा बसेर काम गर्दै आएको भएता पनि आजको मितिबाट साधारण सदस्य समेत नरहने गरि नेपाली काग्रेस पार्टी परित्याग गरि आगामी २०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बालेन्द्र शाह (बालेन) लाई मतदान गरि परिवर्तनको पक्षमा रहेको समेत जानकारी गराउँदछु । अन्त्यमा इमान्दार र निष्ठावान साथीहरू जो जहिले जहाँ रहेता पनि साथ र सहयोग गर्न तत्पर रहने छु । जय नेपाल ।' यो प्रवेशले काग्रेस र एमालेलाई धक्का लागेर रास्वपालाई गौरीगंज क्षेत्रबाट भारी मत आउने आंकलन गरिएको छ ।
त्यस्तै लामो समयदेखि झापा गाउँपालिकाबाट नेपाली काग्रेसमा सक्रिय राजनीति गर्दै आएका ठमनाथ नेपाल (सन्तोष) पनि राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन्।

शुक्रवार कनकाई नगरपालिकामा आयोजित झापा-४ को चुनावी बाचापत्र सार्वजनिक कार्यक्रममा नेपालले औपचारिक रूपमा रास्वपाको सदस्यता ग्रहण गरेका हुन्। नेपाली काग्रेसको राजनीतिमा सक्रिय रहेका नेपालले गत भदौ २३/२४ गतेको जेनजी आन्दोलनपछि सामाजिक सञ्जालमार्फत नेपाली काग्रेसमा नरहने घोषणा गरेका थिए। उनी हाल झापा गाउँपालिका उद्योग वाणिज्य संघका अध्यक्ष समेत हुन् भने विभिन्न संघ-संस्थामा आबद्ध रहँदै आएका छन्। उनीसँगै झापा गाउँपालिकाका अगुवा नेता हरि दुलाल पनि राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन्। स्थानीय राजनीतिमा प्रभावशाली व्यक्तिहरूको रास्वपामा प्रवेशले झापा-४ को राजनीतिक समीकरण थप रोचक बन्ने

# चीनको एआई एप जसले हलिउडमा मच्चायो हलचल

लस एन्जलिस । नयाँ चिनियाँ एआई मोडल 'सिडान्स २.०' ले हलिउडमा तहल्का मच्चाएको छ। टिकटक निर्माता बाइटडान्सले बनाएको यो एआई मोडलले सामान्य निर्देशनका आधारमा सिनेमाको गुणस्तरका भिडियोहरू, साउन्ड इफेक्ट र संवादसहित सिर्जना गर्न सक्छ। यसले गर्दा मनोरञ्जन उद्योगमा ठुलो परिवर्तन आउने सम्भावना बढेको छ।
स्पाइडर-म्यान र डेडपुलजस्ता प्रसिद्ध पात्रहरू समावेश गरिएका सिडान्सका धेरै क्लिपहरू भाइरल भएका छन्। डिज्नी र प्यारामाउन्टजस्ता ठूला स्टुडियोहरूले बाइटडान्समाथि प्रतिलिपि अधिकार उल्लङ्घनको आरोप लगाएका छन्, तर यस प्रविधिको असर कानुनी मामिलाभन्दा गहिरो छ।
सिडान्स के हो र यसले किन हलचल मच्चायो?
सिडान्स २०२५ को जुनमा सार्वजनिक भएको थियो, तर यसको दोस्रो संस्करणले बजारमा ठुलो हलचल मच्चाएको छ। भिडियोस्टेटका जान-विलेम ब्लोम भन्छन्, 'पहिलो पटक, मलाई यो एआईका लागि राम्रो हो भन्ने लागिरहेको छैन। बरु, यो सीधा वास्तविक उत्पादन पाइपलाइनबाट आएको जस्तो लाग्छ।'
उनले पश्चिमा एआई भिडियो मोडलहरूले प्रयोगकर्ताका निर्देशनहरूलाई प्रशोधन गरेर उत्कृष्ट छविहरू बनाउन प्रगति गरे पनि, सिडान्सले सबै कुरालाई एकसाथ जोडेको देखिन्छ।

अन्य एआई उपकरणहरू - मिडजर्नी र ओपनएआईको सोराजस्तै - सिडान्सले छोटो पाठ निर्देशनबाट भिडियोहरू बनाउन सक्छ। केही अवस्थामा त एउटै निर्देशनले उच्च-गुणस्तरको भिडियो उत्पादन गरेको देखिन्छ।
एआई नैतिकता अनुसन्धानकर्ता मार्गरिट मिचेलका अनुसार, पाठ, भिजुअल र अडियोलाई एउटै प्रणालीमा संयोजन गर्ने यसको क्षमता विशेष रूपमा प्रभावशाली छ।
सिडान्सको प्रभावलाई विल स्मिथले चाउचाउ खाएको क्लिप कति राम्रो बनाउँछ भन्ने अनौठो बेन्चमार्कले मापन गरिएको छ। सिडान्सले स्मिथलाई चाउचाउ खाँदै गरेको यथार्थपरक भिडियो मात्र बनाउँदैन, यसले स्मिथलाई चाउचाउ दानवसँग लडिरहेको भाइरल भिडियो पनि बनाएको छ - जुन ठुलो बजेटको चलचित्रजस्तै देखिन्छ।
धेरै उद्योग विशेषज्ञहरू र फिल्म निर्माताहरू सिडान्स भिडियो-उत्पन्न गर्ने प्रविधिको विकासमा नयाँ अध्याय भएको विश्वास गर्छन् । सिंगापुरस्थित एनिमेसन स्टुडियो टाइनी आइल्याण्ड प्रोडक्सन चलाउने डेभिड क्वोक भन्छन्, 'सिडान्सले उत्पादन गरिरहेका जटिल एक्सन दृश्यहरू यसका प्रतिस्पर्धीहरूभन्दा बढी यथार्थपरक देखिन्छन्। यसले एक्सन फिल्महरूमा विशेषज्ञ सिनेमेटोग्राफर वा छायांकन निर्देशकले सहयोग गरेको जस्तो लाग्छ ।'

**चुनौती**

सिडान्स प्रतिलिपि अधिकारको मुद्दामा फसेको छ, जुन एआईको युगमा बढ्दो चुनौती हो।
विशेषज्ञहरूले चेतावनी दिएका छन्, एआई कम्पनीहरूले शक्तिशाली उपकरणहरू बनाउँदै र भुक्तानी नगरी डेटा प्रयोग गर्दै गर्दा प्रविधिलाई मानिसभन्दा बढी प्राथमिकता दिइरहेका छन्।
प्रमुख हलिउड समूहहरूले सिडान्सले स्पाइडर-म्यान र डार्थ वेडरजस्ता प्रतिलिपि अधिकार प्राप्त पात्रहरू प्रयोग गरेकोमा आपत्ति जनाएका छन्। डिज्नी र प्यारामाउन्टले सिडान्सलाई उनीहरूको सामग्री प्रयोग गर्न रोक्न माग गर्दै पत्र पठाएका छन्। जापानले पनि लोकप्रिय एनिमे पात्रहरूका एआई भिडियोहरू भाइरल भएपछि बाइटडान्समाथि कथित प्रतिलिपि अधिकार उल्लङ्घनको अनुसन्धान गरिरहेको छ।

बाइटडान्सले वर्तमान सुरक्षा उपायहरूलाई सुदृढ पार्न कदम चालेको बताएको छ। यो चिनियाँ कम्पनीको लागि मात्र अद्वितीय छैन।
सन् २०२३ मा, न्यूयोर्क टाइम्सले ओपनएआई र माइक्रोसफ्टमाथि उनीहरूको एआई मोडलहरूलाई तालिम दिन अनुमति बिना आफ्ना लेखहरू प्रयोग गरेको आरोप लगाउँदै मुद्दा दायर गरेको थियो। रेडिटले गत वर्ष पर्प्लेक्सिटीमाथि अवैध रूपमा प्रयोगकर्ताका पोस्टहरू स्क्र्याप गरेको आरोप लगाउँदै मुद्दा दायर गरेको थियो। डिज्नीले पनि गुगलसँग यस्तै चिन्ता व्यक्त गरेको थियो।
मिचेल भन्छिन्, 'धोका रोक्न सामग्रीलाई स्पष्ट रूपमा लेबल लगाउनु र एआईमा सार्वजनिक विश्वास निर्माण गर्नु 'कूल-देखिने' भिडियोहरू भन्दा धेरै महत्त्वपूर्ण छ।'

'यसैले विकासकर्ताहरूले लाइसेन्सिङ र भुक्तानी व्यवस्थापन गर्ने प्रणालीहरू निर्माण गर्नुपर्छ, र दुरुपयोगको विरोध गर्नका लागि स्पष्ट संयन्त्रहरू प्रदान गर्नुपर्छ,' उनी थप्छिन्। उदाहरणका लागि, डिज्नीले स्टार वार्स, पिक्सार र मार्वलका पात्रहरू प्रयोग गर्न ओपनएआईको सोरासँग १ बिलियन डलरको सम्झौतामा हस्ताक्षर गर्‍यो।
युनिभर्सिटी अफ मेलबर्नका कम्प्युटिङ अनुसन्धानकर्ता शानान कोहनी भन्छन्, 'सिडान्सका विकासकर्ताहरूले पश्चिमी बौद्धिक सम्पत्तिको प्रयोग वरिपरि सम्भावित प्रतिलिपि अधिकार मुद्दाहरू बारे सचेत थिए र तैपनि जोखिम मोले।' 'नियमहरूलाई रणनीतिक रूपमा झुकाउन, केही समयका लागि नियमहरू तोड्न र मार्केटिङको प्रभाव प्राप्त गर्न प्रशस्त ठाउँ छ,' उनी थप्छन्।

यसैबिच, साना फर्महरूका लागि, सिडान्सलाई बेवास्ता गर्न धेरै उपयोगी छ। सिंगापुरको टाइनी आइल्याण्ड प्रोडक्सनका क्वोक भन्छन्, यस गुणस्तरको एआईले उनको जस्ता कम्पनीहरूलाई फिल्महरू सिर्जना गर्न अनुमति दिनेछ जुन अन्यथा उनीहरूले वहन गर्न सक्नेभन्दा धेरै महँगो हुनेछ।
उनले एसियाको बढ्दो छोटो भिडियोहरू र माइक्रो ड्रामाहरूको उदाहरण दिए जुन सामान्यतया सानो बजेटमा चल्छन् - ८० एपिसोडहरूका लागि लगभग ४१४०,०००, प्रत्येक दुई मिनेटभन्दा कम।
यी उत्पादनहरूले लागत कम राख्नका लागि रोमान्स वा पारिवारिक नाटकमा सीमित रहेका थिए किनभने तिनीहरूलाई कम भिजुअल इफेक्ट चाहिन्छ। तर अब एआईले 'कम बजेटका उत्पादनहरूलाई थप महत्वाकांक्षी विधाहरू जस्तै विज्ञान-फाई, पिरियड ड्रामा र, अब, एक्सनमा उकास्न सक्छ,' क्वोक भन्छन्।
के चीन अगाडि बढिरहेको छ?
सिडान्सले फेरि एक पटक चिनियाँ प्रविधिलाई प्रकाशमा ल्याएको छ। कोहनी भन्छन्, 'यसले संकेत गर्छ कि चिनियाँ मोडलहरू कम्तिमा उपलब्ध भएको सीमामा मेल खाँदैछन्। यदि बाइटडान्सले यो अचानक उत्पादन गर्न सक्छ भने, चिनियाँ कम्पनीहरूसँग अरू कस्ता मोडलहरू छन्?'
गत वर्ष अर्को चिनियाँ एआई मोडल डीपसिकले आफ्नो कम लागतको ठुलो भाषा मोडलले विश्वभरि तरंग पैदा गरेको थियो। यसले छिट्टै एप्पलको अमेरिकी स्टोरमा सबैभन्दा बढी डाउनलोड गरिएको निःशुल्क एपको रूपमा च्याटजीपीटीलाई उछिन्यो।
बेइजिङले पछिल्लो वर्ष एआई र रोबोटिक्सलाई आफ्नो आर्थिक रणनीतिको केन्द्रमा राखेको छ, उन्नत कम्प्युटर चिप उत्पादन, स्वचालन र जेनरेटिभ एआईमा ठुलो लगानी गरिरहेको छ किनकि यसले अमेरिकासँग प्राविधिक लाभको लागि बोली लगाउँछ।
जब सिडान्स २.० ले हेडलाइन बनाइरहेको थियो, अन्य ठुला चिनियाँ फर्महरूले नयाँ जेनरेटिभ एआई उपकरणहरू लुना नयाँ वर्षको छुट्टीअघि कम-प्रोफाइल रोलआउट गरेका थिए। 'स्प्रिङ फेस्टिभल बढ्दो रूपमा 'एआई छुट्टी' बन्दैछ, किनकि फर्महरूले लाखौं मानिसहरू घरमा हुँदा र नयाँ एपहरूसँग प्रयोग गर्दा लन्चको समय मिलाउँछन्,' विश्लेषक बिल बिशपले आफ्नो न्यूजलेटरमा लेखे।

उनले २०२६ चीनमा ठुलो मात्रामा एआई अपनाउनेको लागि एक महत्त्वपूर्ण बिन्दु हुन सक्छ भनी भविष्यवाणी गर्छन् - च्याटबटहरू मात्र होइन, लेनदेनहरू ह्यान्डल गर्ने एआई एजेन्टहरू, दैनिक काममा समावेश गरिएका कोडिङ उपकरणहरू, र भिडियो निर्माताहरूले नियमित रूपमा एआई प्रयोग गर्नेछन्। बीबीसी

## चालु...

१३ करोड २५ लाख रुपैयाँ बजेट पनि रकमान्तर गरी स्वास्थ्य बिमा बोर्डका लागि पठाइएको छ।

यसका साथै संघीय अस्पतालका फायर अडिट कार्यक्रम तथा विदेशी पाहुना तथा कूटनीतिक क्षेत्रका व्यक्तिहरुको स्वागत सत्कारका लागि छुट्याइएको ५ /५ लाख रुपैयाँ पनि बिमामा पठाइएको छ।
यस्तै हेल्थ फाइनान्सिङ एण्ड प्लानिङ सम्बन्धी कार्यक्रमबाट ४८ लाख ३७ हजार रुपैयाँ, डिजिटल हेल्थ ९० लाख रुपैयाँ, बहुक्षेत्रीय सरोकार राख्ने विषयबस्तुहरु कृषि, पशुपालन, वातावरण, खानेपानी, सरसफाई, महिला, स्वास्थ्य पर्यटन, श्रम सडक दुर्घटना, आप्रवासन इडिपीज, आईएनजीओ लगायतको बैठक अन्तरक्रिया र अनुगमनका लागि छुट्याइएको ३२ लाख रुपैयाँ पनि बिमामा पठाइएको छ।

यस्तै जलवायु स्वास्थ्य सम्मेलन र जलवायु स्वास्थ्य कार्यक्रमका लागि २० लाख, वैदेशिक रोगजारीमा जाने व्यक्तिहरुको स्वास्थ्य परीक्षण, कार्यस्थलमा टेलिमेडिसिन सेवा र रोजगारीबाट फर्किआउने श्रमिकको स्वास्थ्य परीक्षणका लागि छुट्याइएको १ करोड रुपैयाँ बिमामा पठाइएको छ। यस्तै यी लगायतका केही अन्य कार्यक्रमको पनि बजेट कटौती गरेर बिमामा रकमान्तर गरिएको छ।
स्वास्थ्य मन्त्रालयका एक अधिकारीले भने 'आर्थिक संकटबाट बिमा बन्दै हुने अवस्थामा पुगेपछि मन्त्रालयका चलिरहेको महत्वपूर्ण कार्यक्रमहरुको बजेट कटौती गरेर रकमान्तर गरिएर पठाइएको हो तर यो तरिकाले अब सधै बिमा चल्न सक्दैन, बिमाका लागि अब माथिल्लो तहबाटै सरकारले विशेष निर्णय गर्नुपर्छ।'

ठूला अस्पतालहरुले धमाधम बिमाको सेवा रोक्न थालेपछि प्रधानमन्त्री सुशीला कार्कीले केही हप्ताअघि बिमामार्फतको सेवा सुचारु गर्न सरोकारवाला सबै निकायसँग उच्चस्तरीय बैठक राखेकी थिइन्। त्यस समयमा बिमा बोर्डको सबै आर्थिक अवस्थाबारे बिफ्रिङ सुनेपछि बीमा बोर्डका लागि आवश्यक रकम जे जताबाट भए पनि व्यवस्था गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिएकी थिइन्।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## म प्रेममा चेतना चाहन्छु



• अन्जुली विश्वकर्मा

ए ! तिमीलाई औधि प्रेम गर्छु भन्ने मान्छे
फेसबुकका भित्ताहरूमा
प्रणय दिवस लेखेर
रुमलियौ कि कतै !
गुलाफमय बजार देखेर
बजार-बजार चहार्यौ कि कतै !

लेख्छन् लेख्नेहरू दिन तोकेर प्रणय दिवस
देख्छन् देख्नेहरू फूल तोकेर गुलाफलाई प्रेम-प्रतीक !

ए ! तिमीलाई औधि प्रेम गर्छु भन्ने मान्छे
म तिमीलाई सुझाउँछु आज
म तिमीलाई बुझाउँछु आज !
तिमी नखोज्नु मलाई
कुनै प्रणय दिवसहरूमा
कुनै गुलाफमय फूलबारीहरूमा !

म त वर्षौं भयो यसरी अखट्टी भएको
तिम्रो कथित भाष्यभन्दा बेग्लै भएको !
जुन दिन थाहा पाएँ
सत्यताको नाममा सती पठाइएको
जुन दिन देखेँ
प्रेमको नाममा एसिड हालिएको
जुन दिन महसुस गरेँ
प्रेमको नाममा आत्मसम्मान लुटिएको
त्यसै दिन जलाइदिएकी हुँ
तिमीले दिएका खोक्रा उपमाहरू (सुन्दरता, कोमलता, माधुर्यता) !
र स्वीकारेकी हुँ यथार्थता !

ए ! तिमीलाई औधि प्रेम गर्छु भन्ने मान्छे
तिमी नखोज्नु मलाई अब
फूलैफूल बिछ्याइएको काँडारहित बाटोहरूमा
तिम्रो सुन्दरतामय संसारहरूमा !
तिमी नखोज्नु मलाई अब
तिम्रो कोमलता र माधुर्यतामय भाष्यहरूमा
तिम्रो कपोलकल्पित स्वार्थी प्रेम-संसारमा !

बरु खोज्नु तिमी मलाई
बन्दुक र बारुदहरूमा
क्रान्तिका अग्रगामी मोर्चाहरूमा !
बरु खोज्नु तिमी मलाई
चट्टान र अग्निज्वालाहरूमा
स्वतन्त्र आकाश र बादलहरूमा !

किनभने म प्रेममा स्वतन्त्रता चाहन्छु !
कुनै पनि मूल्यमा म प्रेममा
आत्मसम्मान, समानता र समता चाहन्छु !
किनभने म प्रेममा
चेतना चाहन्छु !!!

गजल

## जून पूर्णिमाको

• रामशरण गैरे



जून पूर्णिमाको रातमा मात्र चम्किएको हुन्छ
बगरको पत्थर पनि मन्दिरमा पुँजिएको हुन्छ।

विदेसिने लर्को देखिन्छ हरेक दिन यो देशमा
देशको युवा युरो, डलर, भारुमा बेचिएको हुन्छ।

अडिँदैनन् युवाहरू यो देशमा खै किन कुन्नी ?
विदेशको रमझमले विचरा लोभिएको हुन्छ ।

हेर्दा लाग्छ कमाएको छ छोरोले विदेशमा
हरेक दिन उसले कति आँसु पिएको हुन्छ।

कष्टकर छ हरेक पल बस्नेहरूलाई पनि यहाँ
पीडा भुल्दै हरेक पल शान्त देखिएको हुन्छ ।

बाचुन्जेल न हुन् कसैका महल, कसैका टहरा
मरेपछि जान सबैको चिहान खनिएको हुन्छ ।

# परदेशमा मलामी- सधैं झस्काइरहने त्यो एउटा क्षण



• रन्जिता दाहाल

गत वर्षको मे महिनाको दोस्रो हप्तातिरको कुरा होला नेपाली समाजका केही समाजसेवी साथीहरूबाट फोन आयो- 'म्याडम! एउटा महिलाको शव २ महिनादेखि अस्पतालमा नै छ। त्यो शव छिट्टै जलाउनु पर्ने छ, नत्र अप्ठ्यारो पर्छ।'
मैले सोधेँ, 'किन र? यति लामो समयदेखि किन शव नेपाल पठाउन सकिएन? ती बहिनीको नेपालमा कोही छैनन् र?'
उनीहरूले भने, 'परिवार त काठमाडौंतिर नै हुनुहुन्छ, तर बाबु-आमा अत्यन्तै वृद्ध हुनुहुन्छ। छोरीको खबरले उहाँहरू निकै दुःखी हुनुहुन्छ, छोरीको मुख हेर्न समेत नसक्ने अवस्थामा पुग्नुभएको छ, त्यसैले शव उतै जलाइदिनु भन्नु भएको छ।'
यसरी परिवारले मृतकको शव लिन नमानी त्यतै जलाइदिनु भनेको सुन्दा अचम्म लाग्यो। सोच्दै गए अत्यन्त पीडा भयो। सायद छोरीको पार्थिव शरीर देख्न नसक्ने कारणले नै परिवारलाई यस्तो निर्णय गर्न बाध्य बनाएको थियो।
त्यसपछि त्यो शव नेपाल पठाउन सकिन्छ कि भनेर मैले मृतककी सानीआमालाई आफै फोन गरेँ। उहाँ शारजहामा हुनुहुन्थ्यो।

उहाँले भन्नुभयो, 'यहाँ जलाउनै नमिल्ने भए मात्र नेपाल लैजाने, नत्र यतै जलाउने। भिनाजुले- छोरीको त्यस्तो अवस्था हेर्न सक्दिनँ, त्यतै जलाइदेऊ भन्नुभएको छ। सबै कागजात बनाइसक्यौँ, बरू छिट्टै दाहसंस्कार गर्न पाए हुन्थ्यो – दुई महिना भइसक्यो, अझैसम्म काजकिरिया गर्न पाएको छैन। मेडम, बरू जसरी भए पनि छिट्टो प्रक्रिया मिलाइदिनु न, उता झन् दुःखमा हुनुहुन्छ।'
उहाँबाट यस्तो जबाफ सुनेपछि मन अत्यन्तै भारी भयो।
परिवारबाट उतै जलाइदिनु भन्ने लिखित कागज आएपछि हामीसँग बोल्ने ठाउँ केही रहेन। अनि दूतावासका पी.आर.ओ.लाई बोलाएर भनेँ- 'आइतबार एक जना बहिनीको शव यतै जलाउने कुरा भएको छ, यहाँको निकायमा आवश्यक प्रक्रिया पूरा गरिदिनु होला।'
त्यति भने पश्चात उनले तुरून्तै प्रक्रिया अगाडि बढाए।
नेपाली दूतावासको समन्वयमा युएईमा रहेको नेपाली समाजका पूर्वअध्यक्ष तथा हालका सल्लाहकार बेदप्रसाद अर्याल आफैले मृतककी सानीआमालाई लिई अस्पताल, शव गृह तथा यहाँका निकायहरूमा गएर सम्पूर्ण प्रशासनिक प्रक्रियाहरू पूरा गरे पश्चात दुबईको जबेलअलीमा रहेको सनातनी घाट दाह संस्कार गर्ने ठाउँमा दाहसंस्कारको लागि समय मिलाइयो र मे १८, २०२५ आइतबारका दिन नेपाली दूतावासका सहकर्मी साथीहरू, केही समाजसेवी नेपालीहरू र मृतककी सानीआमाको उपस्थितिमा दाह संस्कार सम्पन्न गरियो।

परदेशमा मलामी गएको यो पहिलो पटक थियो, त्यो पनि मृतकको परिवारको प्रत्यक्ष उपस्थिति बिना। सायद त्यसैले म अलिक बढी नै भावुक भएँ।
मलामी गएको त्यो रात निद्रा लागेन- अनेक कुरा मनमा खेलिरहे। अनि करिब राति एक बजेतिर उठेर कापीका पाना पल्टाएँ र उनको नाममा केही शब्दहरू कोरेँ।

परदेशको मलामी
जिउदो हुँदा देशले आफ्नो नठानेको,
मरे पछि परिवारले लाश लिन नमानेको
आज एउटा मलामी गएँ, परदेशको
मलामी ।
असह्य पीडा भयो, अनेकन प्रश्न उब्जिए
धर्मरायो पाइला आफ्नै, ओहो आफ्नै आँखा
टिल्पिलायो
धन्न लाशले केही सोध्दैन, आत्मा बोल्न
सक्दैन।
नत्र मलाई प्रश्न गर्थिन होला - दिदी !
मेरा बाबु आमा किन मेरो मलाम सम्म
आएनन्?
उनीहरूकै निम्ति म यहाँ सम्म आएँ,
उनीहरू मेरो लाश लिन सम्म आएनन् ?
उनको प्रश्नको म के जबाफ दिन्थेँ होला ?
निशब्ध भै भक्कानिँदै, पक्कै उनी सँगै म
पनि रून्थेँ होला !.....

यो घटनापछि उब्जिएको एउटा प्रश्नले मलाई अझै पनि झस्काई रहन्छ - श्रमिकहरूको मृत्यु भएमा उनीहरूको सम्मानजनक अन्तिम संस्कार सुनिश्चित गर्ने दायित्व आखिर कसको? परिवारको कि राष्ट्रको ? वा दुबैको?
त्यसपछि मैले दूतावासका कर्मचारी तथा नेपाली समुदायका साथीहरूसँग सोधखोज गरेँ - योभन्दा अगाडि कतिवटा शव युएईमा जलाइएको थियो भनेर?
करिब डेढ दुई वर्षअघि २ जना नेपालीको युएईमा नै अन्तिम संस्कार भएको रहेछ। सन् २०२० देखियता परिवारकै अनुरोधमा नेपाली समुदायले करिब २१, २२ वटा जति नेपालीहरूको दाह संस्कार गरेका रहेछन्। धेरैको कोरोनाको समयमा र कुनै परिवारको अनुरोधमा।
अधिकांश केसहरूमा प्रवासमा नेपालीहरूको मृत्यु भएमा दूतावासहरूद्वारा मृतकको शरीर नेपाल पठाई परिवारलाई नै शव हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको हुन्छ।
तर यदाकदा परिवारले भावनात्मक कारणहरू देखाई शव यतै जलाइदिन अनुरोध गर्ने गरेको अवस्थामा परिवारको इच्छा अनुसार नेपाली समुदायले यतै अन्तिम संस्कार गर्ने गरेका रहेछन्।

युएईमा हरेक महिना दर्ता हुने मृत्युका घटनाहरूमध्ये अधिकांशको हृदयघातबाट मृत्यु हुने गरेको देखिन्छ भने केहीको आत्महत्या र केही दुर्घटना।
कतिपय यस्ता घटनाहरूमा मृतकको शरीर नेपाल पठाउन कम्पनीले नै पहल गरिदिन्छ। कम्पनीले पहल नगरिदिएको र श्रम स्वीकृति लिएर आएको अवस्थामा वैदेशिक रोजगार बोर्डबाट प्राप्त हुने रकमबाट नेपाल पठाउन सहजीकरण गर्ने गरिन्छ।
श्रम स्वीकृति नभएर वैदेशिक रोजगार बोर्डबाट शव पठाउने रकम प्राप्त नभएको र परिवारले खर्च हाल्न पनि नसक्ने अवस्थामा भने यहाँका नेपाली समुदायकाले पैसा उठाएर मृतकको शरीर नेपालमा पठाई परिवारको जिम्मा लगाउने गरेका छन्।
यी सबै कार्यहरूको लागि नेपाली दूतावासले यहाँका कम्पनी तथा नेपाली समुदायसँग समन्वय गर्ने गर्दछ।
आप्रवासन प्रक्रियामा मृत शरीर स्वदेश फिर्ता पठाउनको लागि समेत कानुनी प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। मृत्युको प्रमाणपत्र, प्रहरी प्रतिवेदन, शव परीक्षण प्रतिवेदन, भिसा रद्द गर्नुपर्ने, विमानमार्फत मृतकको शव लैजान अग्रिम बुकिङ तथा एनओसी आवश्यक पर्ने गर्दछ। यो प्रक्रिया आफैमा जटिल, समय लाग्ने तथा भावनात्मक रूपमा कठिन हुन्छ।

परदेशी भूमिमा हुने गरेका असामायिक निधनहरूले परिवारलाई पुग्न जाने असह्य चोटको हिसाबै हुँदैन। हरेक दिन सुनिने मृत्युका यस्ता खबरहरू कर्मचारीहरूको लागि समेत पीडादायी नै हुन्छ।
हरेक धर्ममा मृत्युको संस्कार छुट्टै हुन्छ। नेपालीहरूको पनि मृत्युको संस्कार फरक छ। विविध सामाजिक धार्मिक र सांस्कृतिक परम्परामा आधारित नेपाली समाजमा समुदाय, जाति र भौगोलिक क्षेत्र अनुसार जन्म र मृत्यु संस्कार फरक फरक छ।
त्यसमाथि पनि यहाँ आउने अधिकांश श्रमिकहरूको केही समय पश्चात नेपालनै फर्किने चाहना हुने गर्दछ भने कतिपयको आफ्नो देशकै माटोमा आफ्नो अन्तिम संस्कार होस् भन्ने इच्छा पनि हुने गर्दछ।
तसर्थ, भावनात्मक वा अन्य कुनै पनि कारण देखाएर परिवारले अन्तिम संस्कारका लागि शव ग्रहण नगरेको अवस्थामा राज्य वा सम्बन्धित निकायले आफ्ना देशका नागरिकहरूलाई आफ्नै देशको भूमिमा अन्तिम संस्कार गर्ने व्यवस्था मिलाउन सकेमा यसले वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूप्रति राज्यको उत्तरदायित्व र संवेदनशीलता दुबै प्रतिविम्बित गर्ने थियो। यसले वैदेशिक रोजगारीमा रहेका लाखौं श्रमिकहरूको सुरक्षा तथा उनीहरूको श्रमको सम्मानको समेत प्रत्याभूति हुने थियो।
सेतोपाटीबाट

# चुनाव



• भक्तप्रसाद गैरे

लक्ष्मीनारायण उपाध्याय सिमभन्ज्याङ गाविसका हर्ताकर्ता थिए। छोटो कद भए पनि हृष्टपुष्ट शरीर, सफा मयलपोस-सुरुवाल, त्यसमाथि जुहारी कोट, अनि रामनामीको सप्को हालेर हिँड्दा साँच्चै नारायणका नररूपजस्ता देखिन्थे। वल्लो गाउँ, पल्लो गाउँ, जिल्ला सदरमुकामसम्मै उनको हाइहाइ थियो। उहिले प्रधानपञ्च रहेका उनी बहुदल आएपछि अविच्छिन्न रूपमा गाविस अध्यक्ष रहेका थिए। चुनावमा उनलाई कसैले टक्कर दिन सकेन, राजाका पालामा होस् या जनताका पालामा, सिमभन्ज्याङ गाविसमा उनकै रजगज चलिरह्यो।
आफ्नो गाउँमा लक्ष्मीनारायण परमात्माकै अवतारजस्ता थिए। वरपर अत्यन्तै लोकप्रिय भए पनि आफ्नो गाउँमा मात्र बाटो पुर्‍याएको, बिजुली बालेको, माविलाई उच्च मावि बनाएको, तर अरू गाउँमा फुटेको आँखाले पनि नहेरेको भनेर यदाकदा उनको आलोचना नहुने गरेको होइन। तर यस्ता चियागफले उनको राजनीतिक उचाइमा कुनै असर परेन, बरु फलिफाप भइरह्यो। हुन पनि जेठा छोरा गाउँकै उच्च माविका प्राचार्य, अनि माइला र कान्छा छोरा राज्य संयन्त्रकै ठूला हाकिम, लक्ष्मीनारायणलाई दायाँबायाँ तलमाथि जताततैबाट फलिफाप थियो।
घुमिफिरी गाउँमा फेरि चुनावको सरगर्मी सुरु भएको थियो। लक्ष्मीनारायण निर्विकल्पजस्तै थिए, तर सिमभन्ज्याङ गाविसकै सबैभन्दा ठूलो गाउँ पिपलडाँडामा उनका विरोधीहरू बिस्तारै बढ्दै थिए। लगभग एक सय घरधुरी भएको पिपलडाँडालाई लक्ष्मीनारायणले बेवास्ता गरेको भनेर गाउँलेहरू उनीसित रुष्ट थिए।
हुन पनि गाविसको कार्यालय पिपलडाँडामा राख्ने, प्रावि नै भए पनि एउटा विद्यालय खोल्ने, खानेपानीको प्रबन्ध गर्नेलगायतका कैयौँ मागहरू लक्ष्मीनारायणले अर्को कानले उडाएर विकासका सबै संयन्त्र आफ्नै वडामा मात्र खाँदेका थिए। त्यसैले पनि पिपलडाँडाबासी आफ्नै अध्यक्षसँग खुसी थिएनन्। तीसौँ वर्ष एकछत्र अध्यक्ष रहेका लक्ष्मीनारायणलाई भने पिपलडाँडे असन्तुष्टिले खासै फरक पारेको थिएन। चुनावताका अनेक तिकडम लगाएरै भए पनि उनले आफ्नो जनमत जोगाएकै थिए।पिपलडाँडामा अधिकांश दमाईहरूको बसोबास थियो। लगभग ७०-८० घर दमाई थिए भने बाँकी बाहुनहरू। बाहुनहरू खेतीपाती गर्थे। दमाईहरू अधिकांशको आफ्नै खेतीयोग्य जमिन थिएन। उनीहरू लुगा सिउने, बिहे-ब्रतबन्धमा बाजा बजाउने, खेतीपातीमा बाहुनहरूलाई सहयोग गर्ने, बाली उठाउने गरेर आफ्नो आजीविका चलाइरहेका थिए। गाउँमा छुवाछुत व्याप्त थियो। अत्यधिक बहुमत भए पनि दमाईहरू थिचोमिचोमै थिए। मुठीभरका बाहुनहरूले दमाईहरूलाई हेयको दृष्टिले हेर्थे।
पिपलडाँडाका केही बाहुन युवाहरूले यो पालिको चुनावमा लक्ष्मीनारायणलाई अध्यक्षमा हराएर पिपलडाँडाकै कसैलाई नजिताएसम्म आफ्नो गाउँले विकासको मुख हेर्न नपाउने निष्कर्ष निकाले। तर उठाउने कसलाई? दमाईलाई उठायो भने आफ्नै बुबाआमालाई मनाउन गाह्रो, आफैँमध्येबाट कोही उठ्यो भने पनि दमाईहरूले भोट देलान् भन्ने ग्यारेन्टी नहुने। युवाहरू असमञ्जसमा परे। जे भए पनि लक्ष्मीनारायणलाई नहराई नछाड्ने निधो गरेका युवाहरूले एक साँझ गाउँका केही बुज्रुकहरूलाई जुटाएर आफ्नो योजना सुनाए।

'उठे तपाईंहरू नै उठ्नुस्, हामीले जितेर बिष्टहरूमाथि शासन गर्नु छैन,' अग्रज श्यामे दमाईले सुरुमै युवाहरूको योजनामा चिसो पानी खन्याए।
'यी डुमेक्राहरूलाई भोट दिनुभन्दा त तिनै लक्ष्मीनारायण ठीक छन्, जे भए नि बाहुन हुन्, नाम पनि भगवान्कै छ,' छुवाछुतको मजेत्रोले आङ मात्र नभएर दिमागै छोपिएका रघुनाथले दमाईहरूको उम्मेदवारी नस्वीकार्ने स्पष्ट पारे।
'कुरोको चुरो त्यही हो रघुनाथ दाइ, कुलखान्दानमै नभएको कुरो, कसले हाल्छ दमाईलाई भोट?' केदारप्रसादले होमा हो मिलाए।
बैठक टुङ्गियो, दमाईहरूले मन अमिलो बनाए, बाहुन युवाहरूले रातो मुख लगाए। बाहुन बुढाहरू कन्सिरीका रौँ ठाडा बनाउँदै घरतिर लागे।
रत्ने परियारले आफूले चिया खाएको गिलास धुँदै थिए, केही बाहुन युवाहरू सिमलपाटे माइलीको चियापसलमा पुगे।
'लक्ष्मीनारायणलाई हराउने भनेको नसकिने भो रत्ने दाइ,' युवराजले गुनासो पोखे।
'तिमीहरू पनि... पहिले घरैका बाआमालाई सबै कुरा बुझाएर पो भेला डाक्नुपर्छ। बाहुनहरू नै बिच्किए तिमीहरूका कुरा सुनेर। पहिले तिमीहरूले नै के गर्ने निर्णय गर, दमाईहरूलाई मनाउने जिम्मा मेरो,' रत्ने परियारले सुझाव दिए।

केही पढेलेखेका र विदेशसमेत गएर आएका हुनाले रत्ने परियार अलि जानेबुझेका थिए। गाउँमा हुने भेदभाव र छुवाछुत हटाउन शिक्षा र सचेतना महत्त्वपूर्ण हुन्छ भन्ठान्थे। पिपलडाँडाको विकास गर्ने हो भने बाहुन र दमाई एक भएर लाग्नुपर्छ भन्नेमा उनी ढुक्क थिए। लक्ष्मीनारायणलाई हराउने बाहुन युवाहरूको योजना असल नियतले आएको भए पनि तयारी पूरा नभएको सुझाव दिएर रत्ने घरतिर लागे।
माइलीको पसलमा चियाको चुस्की लिँदै बाहुन युवाहरू फेरि पनि लक्ष्मीनारायणलाई हराइछाड्ने आफूहरूको योजना कसरी सफल बनाउने भनेर घोत्लिन थाले। रत्ने दाइले भनेझैँ पहिले आफ्नै घरपरिवारलाई नमनाई नहुने निर्क्योल गरे।
बाहुनहरूलाई कोही आफ्नै जातको उठे लक्ष्मीनारायणको विरुद्ध भोट दिन केही आपत्ति थिएन। दमाईहरूले पनि हाम्रै जातको उठ्नुपर्छ भनेर भनेका थिएनन्। जो आए पनि आफ्नो दुःख आफैँसँग हो, बाहुनहरूलाई नरिझाई खान पाइँदैन भन्ठान्थे। केही दमाई युवाहरू भने चुनावको अघिल्लो दिन जसले जाँडरक्सी खुवाउँछ उसैले भोट पाउँछ भन्दै हिँड्थे।

अन्ततः बाहुन युवाहरूको अथक प्रयासले पिपलडाँडाले पनि यो पटक आफ्नै उम्मेदवार पायो। केदारनाथका छोरा भोलानाथले लक्ष्मीनारायणलाई चुनावी मैदानमा लल्कार्ने भए।भोलानाथ चुनावमा उठ्न लागेको कुरो सिमभन्ज्याङ गाविसभरि भुसको आगो जसरी फैलियो। एक्ले दमाईले सखारै लक्ष्मीनारायणलाई समेत भोलानाथको चुरीफुरी कम्तीको नभएको कुरो जानकारी गरायो।
'हेरौँला, ४०/५० भोट ल्याएर कसरी अध्यक्ष पड्काउँदो रैछ? दमाईहरूले त त्यो भोलेलाई के भोट हाल्थे?' कन्सिरी ताते पनि आफूले सहजै चुनाव जित्ने कुरोमा लक्ष्मीनारायण ढुक्क देखिए।
'होइन हजुर, रत्नेले सबैको कान फुकिसक्यो। सबै दमाईहरू एकमुख छन्,' एक्लेले डर देखायो।
'के पिर गरिरा' बुबा? चुनावको दुई दिनअघि एउटा राँगो लगेर घिस्याइदिएपछि सबै भोट हाम्रै त हो। भुँडी फुट्नेगरी खाओ भन्दिन् मात्र पर्छ, सबै भोट हाम्रै त हो। रत्ने एउटोले नदिएर के फरक पर्छ?' जेठा छोरा विष्णुप्रसादले साम-दाम अपनाएपछि चुनाव जित्न गाह्रो नहुने सल्लाह दिए।
'त्यै त हजुर, त्यसमा २/४ ग्यालन जाँड थप्दिनोस् त, अनि भन्नुहोला। तैबिसेक रत्नेले त नहाल्ला, अरूले नहाल्ने हुन्छ?' एक्लेले समस्या समाधानको सूत्र सुझायो।
'सही कुरो गरिस्, जाँड चाहिँ तैँले नै खोजेस्, पैसो लेर जा, राँगो त्यतै किनेर घिच्याइदिउँला,' लक्ष्मीनारायणले कुराको बिट मारे।
एक्लेका मनमा कुरा के अडिन्थे? गाउँ पुग्न पाउँदा नपाउँदै लक्ष्मीनारायणले रक्सी र मासुमा दमाईहरूलाई किन्न लागेको कुरो रत्नेलाई सुनाइहाल्यो।
'हरे!' रत्नेले लामो सास तान्यो।

अर्को दिन सखारै सिमलपाटे माइलीको चियापसलमा लक्ष्मीनारायणले चुनाव जित्न नयाँ जाल फालेको कुरो रत्नेले बाहुन केटाहरूलाई सुनायो। सबैका मुख बन्द भए।

सबैलाई नाजवाफ देखेर माइलीले नै मुख बाइन्, 'त्यो लक्ष्मीनारायणले खुवाउने पाडो

# दलहरुको चुनावी घोषणापत्रमा शिक्षा

काठमाडौं । प्रतिनिधिसभाको आसन्न निर्वाचनका लागि प्रायः सबै राजनीतिक दलहरूले 'आफ्नो चुनावी घोषणापत्र' सार्वजनिक गरेका छन्। बिहीबार प्रमुख दलहरू- नेपाली कांग्रेस, नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले चुनावी घोषणापत्र सार्वजनिक गरेका थिए। यसअघि नेकपा (नेपाली कम्युनिस्ट पार्टी), नेपाल कम्युनिस्ट पार्टी (संयुक्त), जनता समाजवादी पार्टी, उज्यालो नेपाल पार्टी, श्रम संस्कृति पार्टी,आम जनता पार्टी लगायतले घोषणापत्र सार्वजनिक गरेका छन्।

शिक्षातर्फ पनि सबैजसो राजनीतिक दलले आकर्षक नारा र आश्वासन बाँडेका छन्। गुणस्तरीय शिक्षा दिएर युवालाई विश्वभर प्रतिस्पर्धा गर्न सक्ने बनाउनेदेखि बेरोजगार विद्यार्थीले भत्ता पाउनेसम्मका योजना चुनावी घोषणापत्रमा समेटिएका छन्। शिक्षा क्षेत्रका लागि राजनीतिक दलहरूले कस्तो योजना, नीति र एजेण्डा ल्याएका छन् ? कति पुरानै आश्वासन छन्, कति नयाँ योजना छन् ?

**शिक्षा पाउने अधिकारबाट कोही वञ्चित हुने छैन- काँग्रेस**

'प्रतिज्ञा पत्र' नाम दिएर चुनावी घोषणापत्र सार्वजनिक गरेको नेपाली कांग्रेसले 'कसैलाई पनि गुणस्तरीय शिक्षा पाउने अधिकारबाट वञ्चित नगराउने' उल्लेख छ।

प्रतिज्ञा पत्रमा भनिएको छ,'हाम्रो परिकल्पनाको नेपालले शिक्षालाई खर्च होइन, राष्ट्रको सबैभन्दा महत्त्वपूर्ण लगानी मान्दछ, शिक्षाको सर्वसुलभता र पूर्वाधारमा आधार भूत परिवर्तन हुने छ, आर्थिक अभावका कारण कोही पनि गुणस्तरीय शिक्षा पाउने अधिकारबाट वञ्चित हुने छैन।' राज्यले शिक्षासँगै जोडेर पोषणको पनि जिम्मा लिने पनि उल्लेख छ।

'सबै किसिमका हिंसा र शोषणबाट मुक्त हाम्रा नानीबाबुले विद्यालय र खेलमैदानमा रमाउँदै बाल्यकाल बिताउन पाउने छन्, प्रि-प्राइमरीदेखि विश्वविद्यालयसम्मको सिकाइलाई प्रविधि र प्रयोगसँग जोड्ने शिक्षालयहरू विद्यार्थीको सिर्जनशीलता र नवप्रवर्तनको उच्चतम प्रयोग र प्रोत्साहन हुने केन्द्र हुने छन्, जीवनोपयोगी ज्ञान,र मूल्यमा आधारित शिक्षा प्रणालीले हाम्रा युवालाई विश्वभर प्रतिस्पर्धा गर्न सक्ने बनाउने छ', प्रतिज्ञापत्रमा उल्लेख छ।

**विद्यार्थीलाई २० लाखसम्म निब्र्याजी ऋण– एमाले**

नेकपा एमालेले प्राविधिक धारमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई २० लाखसम्म निर्व्याजी ऋण उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। सरकारी सेवा, निजी क्षेत्रका व्यवसाय र अध्यापन क्षेत्रमा न्यूनतम पाारिश्रमिकसहितको इन्टर्ननसिपको प्रबन्ध गर्ने पनि एमालेको प्रतिबद्धता छ।

चुनावी घोषणापत्रमा भनिएको छ,'शिक्षकको मर्यादाक्रम तोक्नेछौं, सामुदायिक तथा निजीलगाायतका सबै विद्यालयका सम्पूर्ण शिक्षकहरूलााई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाालीमा आबद्ध गर्नेछौं, सबै विद्यालयका किशोरीलााई निः:शुल्क प्याड, कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध गर्ने छौं।'

विद्यालय शिक्षालाई क्रमशः अनिवार्य र निःशुल्क बनाउँदै पूर्व प्राथमिक शिक्षासहित सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्ने पनि एमालेको योजना छ। डिजिटल मैत्री पाठ्यक्रम तथा शैक्षिक सामग्री विकास गर्ने,उच्च योग्यताका उत्कृष्ट जनशक्तिलाई शिक्षण पेशामा आकर्षित गर्ने पनि एमालेको प्रतिबद्धता छ।

'विद्यालय शिक्षा ऐन र उच्च शिक्षासम्बन्धी ऐन जारी गर्नेछौं, विश्व विद्यालयमा देखिएका बेथितिको अन्त्य गर्दै प्राज्ञिक स्वायत्तता कायम गर्ने छौं, शैक्षिक क्यालेन्डरको पालना, रोजगारमुखी प्राविधिक शिक्षा र ' पढ्दै कमाउँदै, कमाउँदै पढ्दै' कार्यक्रममार्फत उच्च शिक्षाका लागि विदेश जाने प्रवृत्ति घटाउनेछौँ', घोषणापत्रमा उल्लेख छ।

त्यस्तै विद्यार्थी संख्या न्यून भएका सामुदायिक विद्यालय गाभ्ने, शिक्षक दरबन्दी मिलान गर्ने, उच्च शिक्षामा अनुसन्धान तथा विकासमा राज्यको लगानी बढाई ' विश्वविद्यालय उद्योग सहकार्य' विस्तार गर्ने लगायत एमालेको प्रतिबद्धता छ।

**सबैको नियुक्ति पूर्णरूपमा मेरिट आधारमा हुन्छ – नेकपा**

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले विश्वविधालयका पदाधिकारी तथा प्राध्यापकहरूको नियुक्ति, बढुवा तथा मूल्यांकन पूर्णरूपमा मेरिट (योग्यता तथा कार्यसम्पादन) को आधारमा गरिने प्रतिबद्धता जनाएको छ। संघीयताको मर्मअनुरूप सङ्घीय शिक्षा ऐन जारी गर्न संसद्को पहिलो बैठकमा संकल्प प्रस्ताव पेश गरी पारित गरिने पनि नेकपाको योजना छ। 'एक पालिका एक स्मार्ट विद्यालय अवधारणा लागू गरी प्रविधिमैत्री शिक्षा र डिजिटल साक्षरता विस्तार गरिनेछ,सबै तहका शिक्षक नियुक्ति शिक्षक सेवा आयोगमार्फत खुला तथा प्रतिस्पर्धात्मक प्रक्रियाबाट गरिनेछ', चुनावी घोषणापत्रमा उल्लेख छ।

प्रत्येक पालिकामा कम्तीमा एक नमुना आवासीय स्मार्ट विद्यालय सञ्चालन गरी व्यावसायिक र प्राविधिक शिक्षा तथा पढ्दै कमाउने अवसर प्रदान गर्ने लगायत नेकपाको प्रतिबद्धता छ।

**हरेक प्रदेशमा 'एक अत्याधुनिक नमुना समावेशी विद्यालय' स्थापना**

रास्वपाले प्रत्येक बालबालिकाको सिक्न पाउने अधिकारलाई अक्षुण्ण राख्न हरेक प्रदेशमा कम्तीमा 'एक अत्याधुनिक नमुना समावेशी विद्यालय' स्थापना गर्दै देशभरका सबै विद्यालयलाई क्रमशः पूर्णतः पहुँचयुक्त र समावेशी बनाउने योजना बुनेको छ।

सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा आमूल सुधार ल्याउन आगामी दुई दशकसम्म उल्लेख्य लगानी थप्दै गुणस्तर वृद्धि गर्ने पनि रास्वपाको प्रतिबद्धता छ।

'निजी क्षेत्रद्वारा प्रदान गरिँदै आएको शिक्षालाई सार्वजनिक शिक्षाको पहुँच र गुणस्तरको परिपूरकका रूपमा स्वीकार गर्नेछौँ। निजी शैक्षिक संस्थाहरूको शुल्क संरचना, सेवा मापदण्ड, शिक्षक योग्यता, पूर्वाधार र शैक्षिक परिणामको आधारमा नियमन तथा अनुगमन प्रणाली सुदृढ गर्नेछौँ', रास्वपाको वाचापत्रमा उल्लेख छ।

शिक्षालाई नाफामुखी भन्दा सेवामुखी क्षेत्रका रूपमा व्यवस्थित गर्दै समान अवसर, पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चित गर्ने पनि रास्वपाको प्रण छ। विश्वविद्यालय र विद्यालयहरूलाई दलीय राजनीतिक गतिविधिको अखडा हुनबाट मुक्त गर्ने प्रतिबद्धता रास्वपाले जनाएको छ।

'हामीले विदेशी विश्वविद्यालय र नेपाली विश्वविद्यालय बीच दीर्घकालीन साझेदारी कायम गर्ने, साथै नेपालमा विदेशी विश्वविद्यालयहरूका आङ्गिक क्याम्पसर निदेशी डिग्री कार्यक्रमहरू सञ्चालन गर्न सरल बनाउने छौँ, विदेशी अध्यापक र विद्यार्थीका लागि भिसा उपलब्ध गराउन सजिलो प्रक्रिया र विदेशी अध्यापकहरूलाई नेपालमा स्थायी बसोबास अनुमति प्राप्त गराउन दूत प्रक्रिया लागू गर्ने छौँ', वाचापत्रमा उल्लेख छ।

उच्च शिक्षालाई प्रतिस्पर्धी, अनुसन्धानपूर्वी तथा रोजगार(उन्मुख बनाउन विश्वविद्यालयहरूको पुनर्सरचना गर्ने,पाठ्यक्रम परिमार्जन लगायत योजना रास्वपाले ल्याएको छ।

**विद्यार्थीलाई विश्वविद्यालयतहसम्म निःशुल्क शिक्षा र भत्ता दिन्छौँ – उनेपा**

कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी (उनेपा) ले हरेक नागरिकले विश्वविद्यालयतहसम्म शिक्षा निःशुल्क प्राप्त गर्ने व्यवस्था गर्ने प्रतिबद्धता जनाएको छ। कमाउँदै पढ्दै सिक्दै कार्यक्रम ल्याउने,प्लस टुको पाठ्यक्रममा ५० प्रतिशत व्यावसायिक सीप विकासलाई अनिवार्य गरी सरकारी तथा अनौपचारिक क्षेत्रमा १०० दिनसम्मको इन्टर्नसिपको व्यवस्था गरिने पनि उनेपाको प्रतिबद्धता छ।

यसका लागि प्रत्येक विद्यार्थीलाई मासिक १० हजार रूपैयाँ बराबरको 'श्रमबजार प्रवेश उत्प्रेरणा भत्ता' दिने व्यवस्था मिलाउने चुनावी घोषणापत्रमा उल्लेख छ।

चुनावी घोषणापत्रमा भनिएको छ,'शिक्षा बचत कोष : प्रत्येक नवजात शिसुको नाममा १५ हजारको बचत खाता खोल्ने व्यवस्था गरी १८ वर्ष उमेरपुगेपछि ब्याजसहित एकमुष्ट रकमबाट उच्च शिक्षा र सीप विकासका लागि उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। स्मार्ट स्कुल अभियान : प्रत्येक विद्यालयमा एक डिजिटल कक्षा, इन्टरनेट, डिजटल पुस्तकालयसहित १० कक्षासम्म गुणस्तरीय शिक्षा दिने व्यवस्था मिलाइनेछ।'

**शिशु कक्षादेखि उच्च तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्नेछौँ– जसपा**

जनता समाजवादी पार्टी (जसपा)ले शिशुकक्षादेखि उच्च तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ। यस्तै,शिक्षाको पूर्ण सार्वजनिकीकरण गर्दै स्कुल, कलेज र विश्वविद्यालयहरू सार्वजनिक प्रणालीअन्तर्गत सञ्चालन गरिने पनि जसपाले जनाएको छ।

'पूर्वाधार, पाठ्यक्रम, शिक्षक, सिकाइ प्रकृया र मूल्यांकनमा एकरूपता तथा समान गुणस्तर मापदण्ड लागू गरिनेछ, अनुसन्धान केन्द्रित प्रविधियुक्त सीपमूलक शिक्षाप्रणाली विकास गरिनेछ, प्रत्येक प्रदेशमा कृत्रिम बौद्धिकता आधारित आधुनिक प्रविधियुक्त अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गरिनेछ', चुनावी घोषणा पत्रमा उल्लेख छ।

**निजी र सार्वजनिक शिक्षाको भिन्नता अन्त्य गर्छौं – नेकपा संयुक्त**

नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) ले आगामी १० वर्षमा आधारभूत तहदेखि उच्चतहसम्मको सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाएर निजी र सार्वजनिक (सामुदायिक) शिक्षाको भिन्नता अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ।

पठनपाठनमा अवरोध हुने गरी शैक्षिक क्षेत्रमा कुनै पनि बन्द हड्ताल गर्न नपाइने व्यवस्था गर्ने, अहिलेको पाठ्यक्रमलाई अद्यावधिक गरी अझ वैज्ञानिक तथा आधुनिक बनाउने लगायत उक्त पार्टीको प्रतिबद्धता छ।

**आजपा : स्मार्ट क्लास रूमदेखि हप्ताको ३ दिन मात्र सैद्धान्तिक पढाइसम्म**

आम जनता पार्टी (आजपा) ले शिक्षामा साक्षरता, गुणस्तरीय शिक्षा र उच्च प्राविधिक शिक्षाको नीति लिइने प्रतिबद्धता जनाएको छ। ' विज्ञ उच्च प्राविधिक जनशक्ति विकासमा जोड दिइनेछ, गुणस्तरीय शिक्षाका लागि आधुनिक पूर्वाधारको व्यवस्था गरिनेछ, नेपाललाई छोटो अवधिमा पूर्णसाक्षर राष्ट्र बनाइनेछ। शिक्षा र खेलकुदको विकासका लागि सरकारी विद्यालयमा 'स्मार्ट क्लास रूम' को व्यवस्था गरिने छ', घोषणापत्रमा उल्लेख छ।

त्यस्तै,'एक घर, एक प्राविधिक' र 'एक स्थानीय तह, एक खेलग्राम' को नीतिमार्फत युवाको शारीरिक तथा मानसिक विकासमा विशेष जोड दिने लगायत पार्टीको प्रतिबद्धता छ।

**श्रम संस्कृति : विद्यार्थीलाई तीन दिन मात्र कक्षा कोठामा**

हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले शिक्षा क्षेत्रमा फरक नीति ल्याएको छ। विद्यालयमा हप्ताको ३ दिन मात्र सैद्धान्तिक पढाइ हुनेछ भने बाँकी ४ दिन विद्यार्थीलाई उत्पादन र साहित्य सिर्जनामा लगाउने घोषणापत्रमा उल्लेख छ।

घोषणापत्रमा भनिएको छ,'विद्यार्थीलाई जीवनोपयोगी सीप सिकाउन १२ कक्षासम्म खाना पकाउन र लुगा सिउन अनिवार्य सिकाइनेछ, १२ कक्षा उत्तीर्ण गरेपछि विद्यार्थीले अनिवार्य सैनिक तालिम लिनुपर्नेछ। सैनिक तालिम पूरा गरेपछि मात्रै उच्च शिक्षा हासिल गर्न पाइने छ।' थाहाखबरबाट

# चालु बजेट काटेर स्वास्थ्य बिमाको भुक्तानी

काठमाडौं । वित्तीय संकटले लथालिंग भएको स्वास्थ्य बिमा बोर्डलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्ना चालु कार्यक्रमहरुकै बजेट काटेर दिएको छ।




बिमाको विभागीय मन्त्रालय समेत रहेको स्वास्थ्य मन्त्रालयले आफ्नो चलिरहेका झन्डै २२ वटा कार्यक्रमका बजेट अलिअलि काटेर ७५ करोड ९ लाख १२ हजार रुपैयाँभन्दा बढी रकम रकामान्तर गरेर सहयोग गरेको हो।

पछिल्लो समय समयमै दावी भुक्तानी नदिएको भन्दै वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल जस्ता बिमामार्फतको विशिष्टीकृत सेवा दिने ठूला सरकारी अस्पतालहरुले बिमामार्फतको सेवा नै कटौती गरेको छ यस्तो अवस्थामा बिमा कार्यक्रम नै रोकिने भन्दै स्वास्थ्य मन्त्रालयले आफ्नै कार्यक्रमको बजेट कटौती गरेर दिएको हो।

स्वास्थ्य बिमा बोर्डले सेवा प्रदायक स्वास्थ्य संस्थालाई साउन यता मात्रै १० अर्ब बढी रकम दिन बाँकी छ।

'मन्त्रालयले ७५ करोडभन्दा बढी रकम रकमान्तर गरेर दिएको छ, बोर्डले केही रकम जम्मा गरी रहेको छ अब एक अर्ब जति जम्मा गरेर सेवा रोकिएका ठूला अस्पतालहरूलाई दिन्छौं र अन्य स्रोतबाट पनि रकमका लागि पनि पहल गरी रहेका छौँ' बिमा बोर्डका निमित्त कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेलले भने।

यसो त २२ वटा कार्यक्रमको बजेट कटौती गरेर बिमालाई दिँदा पनि ति कार्यक्रमहरुको सञ्चालनमा असर नपर्ने भन्दै रकमान्तर गरेर बिमा बोर्डलाई दिन स्वास्थ्य मन्त्रालयले एक महिनाअघि नै अर्थ मन्त्रालयलाई पत्राचार गरेको थियो। अर्थ मन्त्रालयले तदनुसार निर्णय बिमा बोर्डतर्फ बजेट रकमान्तर गरेको हो।

बोर्डका निर्देशक डा. पौडेलका अनुसार गत साउनदेखि असोज मसान्तसम्म सात अर्ब रकम सेवाप्रदायक संस्थालाई दिन बाँकी थियो । त्यसमा फेरि कात्तिक, मंसिर, पुस माघको थप तीन अर्ब रकम थपिदा अहिले बोर्डलाई सेवा प्रदायक स्वास्थ्य संस्थालाई दिनुपर्ने दावी भुक्तानीको रकम १० अर्ब जति पुगिसकेको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार महिला स्वास्थ्यदेखि जलवायु परिवर्तन स्वास्थ्य कार्यक्रमसम्मका कार्यक्रमको बजेट कटौती गरेर बिमामा रकमान्तर गरिएको छ जसमा सबैभन्दा थोरै ५ लाखका कार्यक्रमदेखि ५० करोड बराबरका बजेट कटौती भएका छन्।

जसमा मुख्य गरी हाल महत् वांकाक्षी तरिकाले निर्माण भएका आधारभूत अस्पतालहरूको बजेट सबैभन्दा धेरै काटिएको छ जसमा निर्माण सम्पन्न भएका आधारभूत अस्पताल सञ्चालन खर्चका लागि विनियोजित १ अर्ब बजेटको आधा रकम अर्थात ५० करोड रुपैयाँसम्म रकमान्तर गरेर बिमामा पठाइएको छ।

यस्तै भरतपुर अस्पताल र गेटा अस्पतालमा एमबीबीएस कार्यक्रम सञ्चालन गर्नका लागि भन्दै छुट्याएको ५ करोड रुपैयाँ, क्षयरोग मुक्त स्थानीय तह अभियानका लागि छुट्याइएको

❖ बाँकी अन्तिम पृष्ठमा

## चुनाव...

तपाईंहरूले खुवाउन सक्नुहुन्न र? जे भए पनि आफ्नै गाउँले हुन्, दमाईहरूले भोला दाइलाई भोट कसो नदेलान्?'

माइलीको कुरो सबैलाई मन पऱ्यो।

बाहुनहरूले केही बिस दाम उठाए, अब पाडो किन्न कहाँ जाने? कमलिकान्तकोमा भएको त राँगो हो। फेरि भर्भराउँदो राँगो के देलान्? भोलाले लामो सास फेरे। बुढापाका सबैलाई लिएर कमलिकान्तको घर गए। पहिले त कमली अलि अनकनाए, तर हेपाहा लक्ष्मीनारायणलाई नहराई नहुने सोची राँगो बेच्न तयार भए।

कमलिकान्तको ब्याडे राँगो किनेर दमाईहरूलाई भोज खान दिइयो। दमाईहरूले राँगो काटे, कमलीले आँसु चुहाए। रामे दमाईले खड्कुँलोभरि चामल बसाए। केटाकेटी खुसीले उफ्रे। भर्भराउँदो माथिल्लो घरको राँगोले भ्रष्ट लक्ष्मीनारायणलाई हराउन तल्लो घरमा आफ्नो बलिदान दियो।एक्लेले पनि टन्न भोज खायो। 'भोला दाइलाई भोट पक्का' भन्यो। बचेखुचेको मासु पनि उसैले लग्यो। भोलिपल्ट घाम नझुल्किँदै सिरुको डाँठले दाँत कोट्याउँदै उकालो लाग्यो।

सखारै एक्लेको अनुहार देखेर लक्ष्मीनारायणले केही अशुभको लख काटे। नभन्दै एक्लेले ' दमाईहरूले भोट नदिने भए, म एक्लोले दिएर के जित्नुहोला र हजुर?' भनेर मासु-भात काण्डको बेलिबिस्तार लगायो।

लक्ष्मीनारायणले हुइय गरे। 'बाहुनहरूले उछिनिसकेछन्, डुमेक्राहरूलाई नसकिने भो।' लक्ष्मीनारायणलाई भुजा रुचेन। कतै हिँडडुल गर्न मन लागेन। दिनभर दलानमै उँघिरहे।

'चालीसौँ वर्ष कसैले सीधा आँखा गरेर हेर्न सकेन, टाउको उठाएर बोल्न सकेन, यो बुढेसकालमा के ज्याद्रो आइलाग्यो? पिपलडाँडेहरूलाई घिउ नपचेको, मैले मात्रै चाहेर हुन्छ विकास? आफ्नो गाउँ बनाउन आफैँ जुट्नु पर्दैन? मैले पनि मेरै गाउँलाई हेर्न परेन? कहाँ-कहाँ सक्नु मैले? आफू भोकै बसेर पनि अरूलाई कसैलाई खुवाउँछ?' यावत् कुरा खेलाउँदै लक्ष्मीनारायणले दिन ढाले।

घाम डुब्ने बेला श्रीमती र छोराले दमाईहरूलाई फकाउने अन्तिम अस्त्र लक्ष्मीनारायणलाई सुझाए। पहिले त लक्ष्मीनारायण अनकनाए, 'बरु मर्न परोस्, जात फालिँदैन।'

फेरि 'यत्रा वर्ष एकछत्र राज गरेको, सबैले मानेको, यति ठूलो इज्जत...' के-के सम्झिए कुन्नि? अनि 'लौ त नि भोलि नै पिपलडाँडा झर्छु' भन्दै तल ओर्ले।

र, पनि उनलाई भुजा रुचेन। मुठीएक मिस्रीपानी पिएर सुते।

जेठको टन्टलापुर घामले भन्दा चुनावी गर्मीले बाहुन केटाहरूलाई पसिना कढाएको थियो। दमाईहरूको भोट पाइने कुरामा भोलानाथ ढुक्क थिए। दोपहरीको गर्मी छल्न रामे दमाई, श्यामे दमाईलगायत अन्य केही दमाईहरू पाखुरीको सेपमा बसेर रत्नेका कुरा चाख मानेर सुनिरहेका थिए। यस्तैमा कालो छाता ओढेर दलबलसहित लक्ष्मीनारायण अगाडि झुल्किए।

सफा मयलपोस-सुरुवालमाथि कालो जुहारी कोट, निधारमा ठाडो चन्दन अनि कहिल्यै नछुट्ने भादगाउँले टोपी। यमानको छाता ओढेका लक्ष्मीनारायण एकादेशका राजा-महाराजाजस्ता देखिन्थे।दमाईहरू झसङ्ग भए। रामे र श्यामे दमाईले मुखामुख गरे। अरू दमाईहरू जऱ्याकजुरुक उठे। एक्लेले अघि नै सबैका कान फुकिसकेछ। बाँकी रहेका दमाईहरू पनि एकैछिनमा भेला भए।

लक्ष्मीनारायणले टाउको घुमाएर सबै दमाईहरूलाई एक नजर लगाए। कोही चिन्तित देखिन्थे, कोही जिज्ञासु, कसैले श्यामे दमाईतिर हेरिरहेका थिए, कोही भुइँतिर फर्केर खुट्टाको बुढीऔँलाले जमिनमा के-के चित्र कोरिरहेका थिए।

लक्ष्मीनारायणले माहोल बुझिहाले। अनि चिन्तित भएझैँ बोले, 'ल भन श्यामे दाइ, मैले के गर्नुपऱ्यो? ऐले जहाँ छु, तिमीहरूले गर्दा नै छु। मेरो इज्जत भन्नु कुन, तिमीहरूको इज्जत भन्नु कुन? मलाई तिमीहरूले नै रूख चढाएर यहाँ पुऱ्याएका हौ, अब ढाल्ने भए ढाल। तिमीहरूले भोट नदिने भए मैले राजनीति नै गर्थिनँ। तिमीहरूकै आसमा फेरि पनि उठेको छु, अब जे गर्ने हो गर।'

यति भनेर शिरको टोपी झिकेर लक्ष्मीनारायणले श्यामे दमाईको खुट्टाअगाडि राखिदिए। श्यामे दमाई फेरि एकपटक झस्के। दमिनीहरूले 'आबुई!' भन्दै जिब्रो टोके। श्यामेले 'के गर्नुभाको हजुर...' भन्दै थिए, लक्ष्मीनारायण 'लौ बचाए बचाऊ, मारे मार' भन्दै बाटो लागे।

दमाईहरू अक्क न बक्क भए। दमिनीहरू 'लौ बिस्टको सराप लाग्ने भयो' भनेर रुन थाले। केहीले 'लौ अब लक्ष्मीनारायणलाई नजिताई हुन्न, हामीलाई त्यस्तो सम्मान देखाए' भन्न भ्याए।

रत्नेले लक्ष्मीनारायणको भुलभुलैयामा नफस्न धेरै सम्झाए, दमाईहरू दोमन भए।

केही दिनमा चुनाव भयो। त्यसपछिको सप्तान्तमा रेडियोले समाचार फुक्यो- सिमभन्ज्याङ गाविसको अध्यक्ष पदमा लक्ष्मीनारायण उपाध्याय भारी मतले विजयी...' रातोपाटीबाट

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ